मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

‘अर्थतन्त्रलाई चलायमान बनाउन सरकार प्रयासरत छ’

समाचार–पृष्ठ ६ मा



वर्ष ३ • अंक ६ • २०८१ साल कार्तिक ३० गते शुक्रबार • Friday 15, November 2024 • सूर्योदयः बिहान ६:२५ बजे • सूर्यास्तः साँझ ५:१४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## बाबुको निधनपछि छोरा उमाशंकर चढाउँदैछन् गढीमाईमा रगत



**सञ्जय मिश्रा**
**रौतहट ।**

बारास्थित विश्वप्रसिद्ध गढीमाई पञ्चवर्षीय मेलामा देवीलाई मानव शरीरको पाँचस्थानबाट रगत निकालेर चढाइएपछि मात्रै पशुबली शुरु हुन्छ भन्ने धेरैलाई थाहा नहुनसक्छ । तर मन्दिरका मुख्य तान्त्रिकको शरीरको ५ स्थानबाट रगत निकालेर देवीलाई चढाउने परम्परा पूरा भएपछि मात्र पशु बली दिइने चलन छ । मानवको शरीरबाट रगत निकालेर चढाउने परम्परा लाई ‘नरबली’ मानिन्छ । तर यो बली होइन, रगत मात्र चढाउने परम्परा हो ।

परापूर्वकालदेखि नै रौतहटको गुजरा नगरपालिका सिमरी गाउँका मूलतान्त्रिक दुखन धामी कछडियाले, मूलपुजारी मंगल चौधरीसँग मिलेर गढीमाईको विशेष पूजा आराधना गरेर धामीले आफ्नो शरीरको पाँच स्थानबाट रगत निकालेर ‘नरबली’स्वरुप चढाउँदै आएका थिए । मूल तान्त्रिक धामीको केही समयअघि निधन भएपछि मान्यताअनुसार यसपटक उनको जेठा छोरा उमाशंकर धामी कछडियाले मूल तान्त्रिकको रुपमा आफ्नो शरीरको ५ स्थानबाट रगत निकालेर गढीमाईलाई चढाउने भएका छन् । त्यसअघि मन्दिरमा रातभर पूजा हुनेछ । पूजा, आराधनाको प्रभावले ब्रह्मस्थानमा आफैँ बत्ती बल्छ, बत्ती बलेपछि मात्र पञ्चबली हुने मूलपुजारी मंगल चौधरीले जानकारी दिए ।

त्यसपछि मङ्सिर २३ गते तान्त्रिक विधिबाट दीप प्रज्वलन गरी गढीमाई मन्दिरको पूर्वपट्टि रहेको ब्रम्हबाबाको मन्दिरमा पञ्चबली दिएपछि पशुबली शुरुवात हुने गरेको गढीमाई मन्दिरका मूलपुजारी मङ्गल चौधरीले जानकारी दिए । मन्दिरका मूलपुजारीले तान्त्रिक विधिद्वारा सेतो मुसा, परेवा, हाँस, सुङ्गुर र राँगाको पञ्चवली दिएपछि मन्दिरमा सर्वसाधारणका लागि बली खुला हुने मन्दिरका मूलपुजारी चौधरीले बताए । परम्परा र मान्यताअनुसार हिन्दू धर्म, संस्कृतिमा पशु बलीलाई शक्तिसँग जोडेर हेर्ने प्रचलन सदियौँदेखि रही आएको छ । शक्तिस्वरुपा देवीलाई खुशी पार्न परापूर्वकालदेखि नै बली अनिवार्य भएको मानिँदै आएको छ । हरेक पाँच वर्षमा लाग्ने गढीमाई मेला यसपटक असोज १७ गते घटस्थापनादेखि विधिवतरुपमा शुरु भएको छ । यसपटकदेखि विश्वप्रसिध्द गढीमाई मन्दिरमा विशेष पूजा व्यवस्था गरिएको छ । गढीमाई मन्दिरमा शुरु भएको पञ्चवर्षीय मेलामा दर्शन गर्न आउने भक्तजनको सुविधाका लागि पहिलोपटक सःशुल्क विशेष पूजा व्यवस्था गरिएको हो ।

*मन्दिरका मूलपुजारीले तान्त्रिक विधिद्वारा सेतो मुसा, परेवा, हाँस, सुङ्गुर र राँगाको पञ्चवली दिएपछि मन्दिरमा सर्वसाधारणका लागि बली खुला हुने मन्दिरका मूलपुजारी चौधरीले बताए । परम्परा र मान्यताअनुसार हिन्दू धर्म, संस्कृतिमा पशु बलीलाई शक्तिसँग जोडेर हेर्ने प्रचलन सदियौँदेखि रही आएको छ ।*

विशेष पूजाका लागि प्रतिव्यक्ति पाँचसय रुपैयाँ शुल्क निर्धारण गरिएको छ । विशेष पूजा गर्न टिकट काट्नेलाई दर्शन र पूजा गर्न सहज हुने मेला समितिले जनाएको छ । मेलाको मुख्य आकर्षण पशु बली मंसिरमा तय गरिएको छ । महागढीमाई नगरपालिकाका मेयर एवम् मेला सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष उपेन्द्र प्रसाद यादवले मन्दिरमा विशेष पूजाका लागि यो शुल्क निर्धारण गरिएको जानकारी दिए । मन्दिर सञ्चालन तथा विकास समिति, मेला सञ्चालन समिति र मन्दिरका पूजारीहरूको संयुक्त बैठकपछि निर्णय गरिएको हो ।

गढीमाईको मूर्ति स्पर्श गरी पूजापाठ गर्न इच्छुक भक्तजनका लागि मात्रै शुल्क लाग्ने तथा सर्वसाधारणका लागि कुनै शुल्क नलाग्ने मेला समितिले जनाएको छ । भारतको महत्वपूर्ण मन्दिरमा पनि विशेष पूजाका लागि शुल्क लिने गरिएको उदाहरण दिँदै अध्यक्ष यादवले यसलाई वादविवादको विषय नबनाउन आग्रह गरेका छन् । विश्वप्रसिद्ध गढीमाई मन्दिरमा सन्तान प्राप्ति, असाध्य रोग निको पार्न, सुस्वास्थ र दीर्घायुको, धनधान्य प्राप्ति तथा इच्छा पूरा गर्न भाकल गर्नेले बली दिने गरेको मेला समितिले जनाएको छ । अघिल्लो मेलामा ३५ हजार भन्दा बढी राँगा र हजारौँको संख्यामा बोकाको बली दिइएको थियो । बोका, राँगाको बली नदिने भक्तजनले मन्दिर छेउमै परेवा उडाउने गर्छन् ।

मेलाको सम्पूर्ण तयारी भइरहेको मेला समितिका अध्यक्ष मेयर उपेन्द्र यादवले भारतबाहेक अन्य २० देखि २५ मुलुकका दर्शनार्थीले समेत मेलामा भाग लिने जानकारी दिए । दर्शनार्थीहरुका लागि बास, न्यानोका लागि ठाउँठाउँमा दाउरा बाल्ने, सडक निर्माण, २७ वटा घुम्ती शौचालय, १ हजार अस्थायी शौचालय निर्माण, बिजुली बत्तीको भरपुर व्यवस्था, शुद्ध खानेपानी, भन्सारमा भारतीय गाडीलाई सहजरुपमा प्रवेश, महिला र पुरुषका लागि छुट्टाछुट्टै दर्शन गर्न लाइनको व्यवस्थासँगै हजारौँको संख्यामा स्वयम्सेवक परिचालन गरिने मेला समितिका अध्यक्ष यादवले बताए ।

यसपटकको मेलामा १ करोड भन्दा बढी दर्शनार्थी आउने लक्ष्य लिइएको मेलाका प्रवक्ता विजय स्वर्णकारले बताए । एकमहिनासम्म लाग्ने मेलामा नेपाल, भारतलगायत सार्क राष्ट्रका श्रद्धालु दर्शन गर्न आउनेछन् । पशु बलीको रिपोर्टिङ गर्न संसारकै ठूला मिडियाका पत्रकारहरु गढीमाई केन्द्रित हुने गर्दछन् ।

# 'हिसाब ‘समय’मै हुन्छ'

**मधेशदृष्टि**
**वीरगंज ।**

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले महानगरले गरेको सबै काम पारदर्शी र नियमसम्मत हुने भएकाले अनावश्यक प्रश्न गरेर बाधाव्यवधान नपुर्याउन आग्रह गरेका छन् । उनले महानगरबाट भएको काममा मेयर ‘एक्लै’ले केही ‘दायाँबायाँ’ गर्न नसक्ने र अहिलेसम्म ‘गर्न नपरेको’ दाबी गर्दै भनेका छन्, ‘सबै कामको समयमा हिसाब हुन्छ, समयअगाडि नै हिसाब खोजेर उल्झन गर्नु असहयोगजस्तै हो ।’

उनले बुधबार महानगरले भारतको गिनिज रेकर्ड तोड्ने गरी भएको ‘१४ हजार किशोरीलाई आत्मरक्षा तालिम’को खर्चको पनि हिसाबकिताब छिट्टै सार्वजनिक हुने भएकाले हिसाब चाहिएकालाई ‘केहीदिन’ प्रतीक्षालयमा उभिन आग्रह गरेका छन् । ‘काम गरेको २४ घण्टा नहुँदै महानगर आएर हिसाब माग्ने र सामाजिक सञ्जालमा आलोचना गर्ने मित्रहरुलाई समयमा हिसाब बुझाउँछु,’ प्रमुख सिंहले भनेका छन्, ‘पत्रकार सम्मेलनमा पनि १५ दिनभित्र हिसाब सार्वजनिक गर्छु भनेकै थिएँ, समयमा हिसाब आउँछ, रातारात हिसाब माग्न हतार गरिरहन पर्दैन, प्रक्रियामा गरेको काम प्रक्रियाम हुन्छ ।’ उनले कार्यक्रमको खर्च विवरणमा कतै कसैले तलमाथि गर्न नसक्ने बताए ।

‘कार्यक्रमस्थलमा प्रयोग भएको टेन्ट, साउन्ड सिस्टमको खर्च महानगरले बेहोरेको छ,’ सिंहले भने, ‘आउने पाहुनाहरुलाई आउनेजाने यातायात खर्च र बस्ने खर्च दिनैपर्ला, त्यो महानगरको हिसाबमा आइहाल्छ, दाताहरुको सूची पनि आउँछ, खर्चको विवरण पनि १५ दिनमा आउँछ ।’ उनले सबैतिर भएको खर्चको बिलहरु आउनै ४–५ दिन लाग्ने भएकाले काम सकिएको २४ घण्टा नबित्दै हिसाबको बिवरण माग्नु ‘बच्चा नजन्मिँदै न्वारान गर्ने हतारो’जस्तै भएको बताए ।

‘हामीलाई किशोरीहरुलाई दिन भेस्ट, टिशर्ट प्राप्त भएको हो, १२ हजार थान पोशाक र किशोरीलाई दिइने सेनेटरी प्याडसमेत सबैलाई दिएका छौँ, यो निःशुल्क आएको हो,’ सिंहले भने, ‘१२ हजार जति फ्रुटी पनि आएको थियो, किशोरीहरुलाई दियौँ, पानी पनि मागेर काम चलाएका छौँ, नपुगेको केही खर्च महानगरबाट भएको छ, यति ठूलो संख्यामा एकसाथ महानगरभित्रका छोरीहरु आउँदा कार्यक्रम व्यवस्थित गर्ने चुनौती थियो, हामीले गरेर देखाएका छौँ, गिनिज रेकर्ड बनाएका छौँ, राम्रो गरेको भने र धन्यवाद दिनुहोस् पनि भनेका छैनौँ, यो हाम्रो दायित्व नै थियो ।’ सिंहले सबै विवरण एक–एक गरेर समय आएपछि सबैले पाउने बताए । उनले महानगर आएर हिसाब माग्ने, सामाजिक सञ्जालमा आलोचना गर्ने र चोकचौतारामा हिसाब माग्नेहरुलाई केही दिन कुर्न पुनः आग्रह गरे । ‘कतै कमीकमजोरी र बदमासी भएको छ भने पनि खबर गरिदिनुहोस्, सच्याइनेछ,’ सिंहले भने, ‘चोकमा बसेर नकारात्मक टिप्पणी गर्ने, कसैलाई खर्च माग्न उक्साउने काममा किन समय बर्बाद गरिरहनु भएको छ ? यसो गरिरहनै पर्दैन, महानगरको क्रियाकलाप सबैभन्दा पारदर्शी बनाउने मेयर मै हुँ ।’



## चिनीमिल र नेशनल ट्रेडिङ्गलाई पैसा बुझाउन पत्राचार

*वीरगंज महानगरपालिकाले चिनी कारखाना र नेशनल ट्रेडिङ्ग लिमिटेडलाई महानगरलाई बुझाउनु पर्ने कर दाखिला गर्न पत्राचार गरेको छ । महानगरलाई चिनी कारखानाले १ सय ३५ करोड रुपैयाँ र नेशनल ट्रेडिङ्गले ६० करोड रुपैयाँ बुझाउन बाँकी छ । ‘सधैँ महानगरका नाममा बेरुजु बढिरह्यो, बजेट घटेर आएकाले काम गर्न कठिनाइ भएको छ,’ महानगर प्रमुख राजेशमान सिंहले भने, ‘काम गर्न बजेट अभाव भइरहँदा दुई संस्थानले बक्यौता नतिरेपछि तिर्नका लागि पत्राचार गरेका हौँ ।’ उनले नागरिक समाजलाई पनि महानगरको बक्यौता उठाउने यस्ता मुद्दामा साथ दिन आग्रह गरेका छन् ।*

# हवाई भाडा बढाउनेलाई प्रधानमन्त्रीकै संरक्षण



**मधेशदृष्टि**
**काठमाडौं ।**

आमजनता पार्टी (आजपा) का अध्यक्ष एवम् पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीको गैरजिम्मेवार भूमिकाका कारण नेपालको पर्यटन क्षेत्र अस्तव्यस्त भइरहेको बताएका छन् । हवाई भाडामा भएको मनपरी वृद्धिले अर्थतन्त्रमा ठूलो नकारात्मक असर परेको उनले बताए ।

नेपालको विकास र अर्थतन्त्रको मुख्य आधार मानिएको पर्यटन क्षेत्र ओली सरकारले ध्वस्त बनाएको गम्भीर आरोप साहले लगाए । सरकारले कमिसन खानैका लागि हवाई भाडामा मनपरी वृद्धि भए पनि मौन बस्नुले गम्भीर प्रश्न आमजनताले उठाइरहेको उनले बताए ।

सामाजिक सञ्जाल फेसबुक पेजमा आजपा अध्यक्ष साहले लेखेका छन्, ‘नेपालमा जे पनि गर्ने छुटले अराजकता एवम् अन्यौलता बढ्दैछ । सरकारको गैरजिम्मेवार भूमिकाले सिंगै पर्यटन क्षेत्र अस्तव्यस्त भइरहेको सन्दर्भमा हवाई भाड़ामा भएको मनपरी वृद्धले अर्थतन्त्रमा ठूलो नकरात्मक असर पर्ने पक्का छ ।

अन्तर्राष्ट्रिय उड़ानको हवाई भाड़ामा भएको मनपरी वृद्धिलाई सरकारले नियन्त्रण गर्नुको सट्टा उल्टै जनतालाई भ्रमित गरिरहेको आरोप उनले लगाए । कमिसनको चक्करमा जे पनि गर्ने ओली सरकारको कुकर्मले विदेश जाने नेपाली श्रमिक ठूलो आर्थिक मारमा परेको साहले बताए । ‘अहिले पर्यटन क्षेत्र मरणासन्न अवस्थामा छ भन्दा अतियुक्ति नहोला । राज्य नियन्त्रित सिन्डिकेट र सरकारमा भएकाकै हालिमुहाली र ब्रम्हलुटकै कारण यो क्षेत्रले विगत लामो समयदेखि बदनामी र बेथिति भोग्नु परेको छ । अहिले हवाई भाडादर दोब्बर–तेब्बर बनाइएका समाचार छन् । नेपाली श्रमिक हवाई भाडादरमा भएको मनोमानी वृद्धिका कारण ठूलो मारमा परेका छन् । तर, यो सरकारलाई यसबारेमा कुनै चिन्ता र चासो नै छैन,’ आजपा अध्यक्ष साहले भने ।

त्रिभुवन इन्टरनेसनल एयरपोर्टको स्तरोन्नतिका लागि दैनिक १० घण्टा एयरपोर्ट बन्द गर्ने बहानामा फेरि नेपाली श्रमिक र विदेशी पर्यटकमाथि हवाई भाडा बढाएर लुट्ने काम भइराख्दा समेत सरकार रमिते बनेको आरोप साहले लगाएका छन् । ‘चौतर्फी आलोचना हुँदासमेत यो सरकारलाई छोएन । विश्वमा कहीँ नभएको हवाई आतंक नेपालमा मात्रै किन बारम्बार दोहोरिने गरेको छ ? यो प्रश्नको विषय हो । नियमनकारी निकाय किन सुतेर बसेका छन् ? कतै हवाई क्षेत्रमा भएको लुटको अंश बालुवाटार र सत्ताको चाबी लिएकाहरुको घरसम्म त पुगेको छैन् ? अब यो विषय शंकाको घेराभित्र परिसकेको छ,’ प्रश्न गर्दै उनले भनेका छन् ।

नेपालबाट दिल्लीको उड़ान गर्दा १२ देखि १४ हजार लाग्ने हवाईभाड़ा ६० देखि ६५ हजार रुपैयाँ भएको छ । कतारको ३० देखि ३५ हजारबाट एक लाख रुपैया भएको छ । दुबईको ३५ देखि ४० हजारबाट १ लाख १५ देखि २० हजार रुपैयाँसम्म पुग्दासमेत सरकारले किन मनोमानी हवाई भाडा वृद्धि रोक्न नसकेको भन्दै साहले प्रश्न गरेका छन् । हवाई भाड़ामा भएको मनपरी वृद्धि रोक्न सरकारी निकायको अस्वाभाविक भूमिकाको विरोध गर्दै हवाई भाड़ा घटाउन चौतर्फी दबाब सृजना गर्न उनले आह्वान गरेका छन् ।

‘कोभिडको कहर होस् वा मुलुक विपत्तिमा परेर सडकमार्ग अवरुद्ध भएका बेला नै किन नहोस् या महाभूकम्पको बेलामा होस्, नेपाली जनताले हवाई यात्रामा कठिनाई र महंगी सामना गर्नुपरेको इतिहास छ । कोरोनाको कहरमा चार्टर्ड फ्लाइटमा लुट मच्चाउने काम भयो । त्यतिबेला आफ्नो देश फर्कने नेपालीमाथि विशेषगरी खाडी मुलुकमा श्रमका लागि गएका नेपालीलाई दिनदहाडै लुट्ने काम भएको थियो । त्यो क्रम अहिले पनि जारी छ,’ उनले भने । उनले थपे, ‘अहिले पनि हवाई भाडादर वृद्धिले बालुवाटार, बालकोट र बुढानिलकण्ठलाई छोएको छैन् । नेताजीहरुलाई त्यही दरबारमा हाइसञ्चो छ । सरकार टिकाउने नाममा उच्चस्तरीय राजनीतिक संयन्त्रको प्रहसन जारी छ । तर, कांग्रेस र एमालेलाई यो हवाई भाडामा भएको ज्यादति र मूल्यवृद्धिको आतंकले छोएको छैन र छुँदैन पनि होला । उहाँहरुको आत्मामा व्यापारीले डेरा जमाएका छन् । जनताको सास्तीलाई बेवास्ता गरिएको छ ।’ सरकारलाई हवाई क्षेत्रको विकृति हटाउने विषयमा गम्भीर बन्न उनले आग्रह गरेका छन् । हवाई भाडादर महंगो बनाउने एयरलाइन्सहरुलाई कारबाहीको दायरामा ल्याउन माग गर्दै आजपा अध्यक्ष साहले पछिल्लो समय हवाई भाडा नियन्त्रणका लागि सरोकारवाला निकायबीच भएको पाँचबुँदे सहमतिको पूर्ण पालना हुनुपर्ने बताए । अहिले नेपाली चाडपर्व सकेर आफ्नो श्रम गन्तव्यमा जाने सिजन छ । साथै, विदेशी पर्यटक पनि नेपाल घुम्न आउने सिजन हो । यस्तो पर्यटनको पिक–आवरमा हवाई भाडा बढाउने कुरा कुनै पनि हिसाबले स्वीकार्य हुँदैन् । सरकारले बेलैमा सोच्नुपर्ने उनले बताए ।

# जनकपुरधामसँ अयोध्या तिलकमे २५१ गोटे जाएत

**जनकपुरधाम ।**
विश्व हिन्दू परिषद् नेपाल जनकपुरधामक नेतृत्वमे नागरिक समाजसहितके सहभागितामे अगहन १ गते भारतके अयोध्या तिलक ल जेबाक निर्णय कएलक अइछ ।

विश्व हिन्दू परिषद् धनुषाक अध्यक्ष सन्तोष साहक अध्यक्षतामे आइ भेल बैसारसँ जनकपुरधामसँ अगहन १ गते भोर तिलक ल प्रस्थान करबाक तथा राइतमे विश्राम बाराके गढीमाईमे करबाक निर्णय केने ओ बतौलैन ।

तिलक ल क जाएबला समूह अगहन २ गते अयोध्या पहुँचत आ अगहन ३ गते तिलकसहित जानकी मन्दिरके पत्र विश्व हिन्दू परिषद्क महासचिव राजेन्द्र सिंह पङ्कजके अगुवाइमे चम्पत रायकेँ हस्तातरण करबाक बतौलैन ।

विश्व हिन्दू परिषद्के सक्रियतामे पिछला साल जकाँ अहुबेर सामूहिक विवाह हएत । छठम बेर हुअ लागल सामूहिक विवाहमे ५१ जोडी युवायुवतीके सहभागिता रहबाक जानकारी देलैन ।

जनकपुरधामकेँ धार्मिक पर्यटकीय नगरिक रुपमे विकाश करबाक लेल प्रचारप्रसार करबाक बतौलैन । जनकपुरधाममे अगहन २१ गते होबबला विवाहपञ्चमीक धुमधामसँ तैयारी भ रहल अइछ ।

जाहि लेल मधेश प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका आ जानकी मन्दिर व्यवस्थापन समिति तैयारी क रहल जनौलक अइछ ।

# चिनियाँ महासङ्घके टोलीद्वारा भक्तपुर अवलोकन

**काठमाण्डू ।**
प्रवासमे रहिक चीन घुमल प्रवासी चिनियाँ महासङ्घके प्रतिनिधिमण्डल आइ भक्तपुरक ऐतिहासिक स्थल अवलोकन भ्रमण केने अइछ ।

भक्तपुर नगरपालिकाक प्रमुख सुनिल प्रजापति महासङ्घके उपाध्यक्ष छङ स्युएयुआनके नेतृत्वमे आएल टोलीकेँ भक्तपुर दरबार क्षेत्रके प्रवेशद्वारमे पुष्पगुच्छा, भदगाउँले टोपी, खादी आ परम्परागत थैली प्रदान क स्वागत केने छल ।

नगर प्रमुख प्रजापति चिनियाँ नेता भक्तपुरके कला, संस्कृति संरक्षणकेँ अवलोकन क्रममे विशेष धीयान देने बतौलैन । एहन भ्रमणसँ नेपाली जनता आ चिनियाँ जनताबीचके सम्बन्ध



मजबुत हेबाक विश्वास व्यक्त केलैन । महासङ्घके उपाध्यक्ष स्युएयुआन सभ्यता आ सँस्कृतिके आदान–प्रदान मार्फत दुनु देशक सम्बन्धकेँ मजबुत बनाएत । भक्तपुर साँस्कृतिक जइड़ भेल कलात्मक शहर छी उल्लेख केलैन । चिनियाँ टोलीमे महासङ्घके चु ल्यउ, लीन सियाओफान, चाओ रूओछन्, वाङ सङ हुई आ चिनियाँ दुतावाससँ काउन्सिलर छिन वनछ्, वाङ तोङ, नेपाल प्रवासी चिनियाँ संगठनक अध्यक्ष चीन सियाओतोङ लगायतके सहभागिता छल ।

प्रतिनिधिमण्डल भक्तपुर दरबार क्षेत्रमे अवस्थित राष्ट्रिय कला सङग्रहालय, स्वर्णद्वार, पचपन्न झ्याल दरबार, सिद्धिलक्ष्मी मन्दिर, सिलु महादेव मन्दिर आ चतुर्ब्रह्म महाविहार अवलोकन करैत टौमढी क्षेत्रके पाँचतल्ला मन्दिर, भैवनाथ मन्दिर, गःहिटीके लक्ष्मीनरसिंह मन्दिर होइत तालाक्क क्षेत्रमे मृत्ति कलाक सेहो अवलोकन केने छल ।

# अगहन १२ गतेभितर बक्यौता बुझेबाक लेल प्राधिकरणके आग्रह

**काठमाण्डू ।**
नेपाल विद्युत् प्राधिकरण डेडिकेटेड आ ट्रङ्कलाइनसँ विद्युत् आपूर्ति लेने उपभोक्ताकेँ अगिला अगहन १२ गतेभितर बक्यौता रकम फरिएबाकल लेल आग्रह केलैन अइछ ।

प्राधिकरण आइ एकटा सूचना निकालैत बाकी रहल बक्यौता रकम फरिएबाक लेल उद्योगसभकेँ निर्धारित समयभितर देबाक लेल आग्रह केलैन । मन्त्रिपरिषद् बैसार आ सञ्चालक समिति बैसारक निर्णयअनुसार १५ दिनभितर बक्यौता फरिएबाक लेल प्राधिकरण उपभोक्ताक आग्रह केने अइछ ।

"वितरण केन्द्रसभसँ सम्बन्धित उद्योगके २०७२ माघसँ २०७५ वैशाखधैर टिओडी मिटरमे रेकर्ड भेल डिमान्ड तथा टी–वान, टि–टु र टि–थ्री टाइम इन्टरभलमे रेकर्ड रहल खपत इनर्जीक आधारमे गणना भ छुट बिल प्राप्त कएल, अतः उक्त बिल हिसाबसँ बक्यौता महसुल १५ दिन अर्थात २०८१ अगहन १२ गतेभितरमे सम्बन्धित वितरण केन्द्रमे दाखिला करबाक लेल अनुरोध कएल जाइत अइछ," प्राधिकरणद्वारा निकालल सूचनामे उल्लेख अइछ । निर्धारित समयमे बक्यौता महसुल भुक्तानी नै भेलापर नियमानुसार कारबाही करबाक प्राधिकरण जनौलक अइछ ।

# पेट्रोलियम अन्वेषणः ७९ प्रतिशत 'ड्रिलिङ' पूरा

**काठमाण्डू ।**
भैरवी गाउँपालिका –१ जलजमे पेट्रोलियम पदार्थक अन्वेषणअन्तर्गत 'ड्रिलिङ'के ७९ प्रतिशत काज पूरा भेल अइछ ।

चाइर हजार मिटर गहिराइधैर 'ड्रिलिङ' मे हालधैर ७९ प्रतिशत 'ड्रिलिङ'क भ चुकल खानी तथा भूगर्भ विभागअन्तर्गतके पेट्रोलियम परियोजना महाशाखा प्रमुख गणेशनाथ त्रिपाठी बतौलैन ।

चाइर हजार मिटर गहिराइधैर ड्रिलिङ भेलाक बाद मात्रे पेट्रोलियम पदार्थ भेल वा नै भेल निश्चय हएत । चीन सरकारके रु दु अरब ५० करोड़ अनुदानमे पेट्रोलियम पदार्थक अन्वेषण भ रहल अइछ ।

महाशाखा, चाइना जियोलोजिकल सर्भे तथा सिबु ड्रिलिङ इन्जिनियरिङ कम्पनी 'ड्रिलिङ' क रहल अइछ ।

अहिबीच, कर्णाली प्रदेशक मुख्यमन्त्री यामलाल कँडेल आयोजनास्थल आइब क पेट्रोलियम अन्वेषणके निरिक्षण केने अइछ ।

# बाइढ़पीडितकेँ सात लाख ७७ हजार सहयोग

**काठमाण्डू ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) निकट नेपाल राष्ट्रिय कर्मचारी महासङ्घ बाइढ़ पीडितके लेल रु सात लाख ७७ हजार प्रदान केने अइछ ।

महासङ्घके अध्यक्ष मणिरत्न श्रेष्ठ आइ भोर पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'केँ उक्त रकमके चेक हस्तान्तरण केलैन । तकर अवसरमे सहयोग कएल रकम सङ्गठनके पदाधकारीप्रति कृतज्ञता ज्ञापन करैत अध्यक्ष दाहाल जनताक समस्या समाधान लेल अपन पार्टी सदैव अग्रमोर्चामे रइहक काज केने बतौलैन ।

पुनःस्थापनाक काज एखनो गति नै लेने पर चिन्ता व्यक्त करैत ओ दु सालपहिने भूकम्पपीडित तथा बाइढ पीडितकेँ समाजक सब वर्गके सहयोग आवश्यक भेल कहलैन ।

सहायता रकम देबाक लेल महासचिव प्रेम खनाल, नेपाल राष्ट्रिय निजामती कर्मचारी सङ्गठनक अध्यक्ष अम्बादत्त भट्टलगायत महासङ्घ आ सङ्गठनक पदाधिकारीसभ सहभागी छलैथ ।

# आठ करोड़के लागतमे त्रिशूलीमे नवका पुल

**काठमाण्डू ।**
वि.सं. २०२० मे त्रिशुली पार करबाक लेल बनल 'ट्रस ब्रिज' जीर्ण भेलाक बाद रु आठ करोड़क लागतमे नवका पक्की पुल बनाएल गेल अइछ ।

विदुर नगरपालिका प्रमुख राजन श्रेष्ठक अनुसार उक्त पक्की पुलसँ भारी सवारी साधन सेहो पार करए मिलत । पुल निर्माणक सँ नुवाकोट आ धादिङके सर्वसाधारणके आवागमन सहज भेल अइछ ।

एघार मिटर चौडा भेल दु 'लेन'के पुल निर्माणके लेल नेपाल सरकार रु आठ करोड़ लगानी केने छल ।

'डिजाइन एण्ड बिल्ड मोडल' अन्तर्गत 'बक्स कडर प्रिस्टेस' प्रविधिमे नवका निर्माण भेल पुल सुरक्षित, मजबुत आ निर्धारितसँ बेसी भारवहन क्षमता रहल पुल निर्माणकर्ता भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय जनौलक अइछ । नवनिर्मित पुलसँ यातायातके साधन सञ्चालन भेल अइछ ।

अइसँ पहिने ट्रस ब्रिजके आठ मेट्रिक टन क्षमता छल ।

एखन पुलके भारवहन क्षमता ३५ मेट्रिक टन अइछ ।

# सीमा विवादके कारण बसपार्क निर्माण अवरुद्ध

**बागलुङ ।**
ढोरपाटन नगरपालिका–२ खप्तरीबाङमे निर्माणाधीन बसर्पाकके काज सीमा विवादक कारण अवरुद्ध भेल अइछ । नयाँ सहर आयोजना कार्यालयद्वारा निर्माण हेब लागल बसपार्कके सिमाना विवाद भेलासँ काज रोकल अइछ ।

वि.सं.२०७५ सालमे छ रोपनी जमीन किनि क निर्माण शुरु भेल बसपार्कके दबाल सँधियार तोड़लाक बाद काज रूकल नयाँ सहर आयोजना कार्यालयके प्रमुख रामृकष्ण गिरी जानकारी देलैन । नापी विभाग अपन निर्णय नै सुनेलाधैर बसपार्क निर्माणक काज नै हेबाक बात ओ जानकारी देलैन ।

हालधैर ३० प्रतिशत काज पूरा भेल अइछ । सात करोड़के लगानीमे बनएबला बसपार्कमे रु दुई करोड़ २६ लाख खर्च भ गेल अइछ । राष्ट्रिय गौरवक आयोजना मध्यपहाडी लोकमार्गके लग भेलासँ भुजीखोला कातमे तटबन्धन बनाक निर्माण शुरू कएल बसपार्कमे हाल टर्मिनलके आधा काज भेल अइछ । बसपार्कमे ३० टा जीप, २० टा बस आ किछु हलुक सवारीसाधन राखएके व्यवस्था अइछ ।

ढोरपाटन नगरपालिकाक उपप्रमुख धनबहादुर कायत जते जल्दी होए विवाद निरुपण क निर्माण शुरू करबा ल आग्रह केलैन ।

# कमलदह मेलामे कुस्तीक 'क्रेज'

**सिरहा ।**
सिरहा जिलाक मिर्चैया नगरपालिका–९ मे रहल पौराणिक तथा धार्मिक पर्यटकीयस्थल कमलदहमे हरिबोधनी एकादशीक अवसरमे 'कमलदह धार्मिक हरिबोधनी एकादशी मेला'मे पहलमानीक 'क्रेज' बइढ़ रहल अइछ । मङ्गलदिनसँ शुरु भेल खेल देखबाक लेल भीड लागल अइछ ।

मेलामे आयोजित कुस्ती प्रतियोगिताक दोसर दिनधैर नेपाल आ भारतसँ पहलवान सहभागी भेल मेला समितिक अध्यक्ष रामअधार यादव बतौलैन ।

'मेलाकेँ भव्य बनेबाक लेल विगत जकाँ अहुबेर नेपाल आ भारतक नामचिन पहलवानक कुस्ती, मनोरञ्जनात्मक आ सांस्कृतिक कार्यक्रम भ रहल अइछ ।'

प्रत्येक साल हरिबोधिनी एकादशीसँ तीनदिनधैर कमलदह मेलामे सिरहा, सप्तरी, धनुषा एवम् भारतके विभिन्न राज्यसँ श्रद्धालु भक्तजन आबैत छइथ । मेलामे बहुत भीड़ भेलासँ शान्ति सुरक्षाक लेल सुरक्षा निकाय, स्थानीय स्वयंसेवकके खटाएल गेल मेला समितिक अध्यक्ष यादव जानकारी देलैन । प्रत्येक साल अइ मेलासँ ऐतिहासिक तथा धार्मिकस्थल कमलदहके संरक्षणसङे पर्यटकीय क्षेत्र बनाबैमे सहयोग भ रहल मिर्चैया नगरपालिकाक प्रमुख श्रवणकुमार यादव बतौलैन अइछ । मेलामे कुस्तीप्रेमीसभ अइ खेलकेँ उत्सव जकाँ मनेलासँ एकर संरक्षण आ सम्बद्र्धधनमे नगर विशेष महत्व देने हुनकर कहब छइन ।

# उपकरण मर्मतमे देरी भेलासँ एखनो शुरु नै भेल सिमेन्ट उत्पादन

**हेटौँडा ।**
निर्धारित समयमे उपकरण मर्मत नै भेलासँ हेटौँडा सिमेन्ट उद्योग सञ्चालनमे देरी भेलासँ एखनो उत्पादन शुरू नै भेल अइछ ।

उद्योग व्यवस्थापनद्वारा दीपावलीबाद सिमेन्ट उत्पादन शुरू करबक कहलोपर विभिन्न उपकरण मर्मतके काज नै भेल अइछ । उद्योग व्यवस्थापन समितिक अध्यक्ष नरेन्द्र भण्डारी कहलैन "उद्योगके क्लिनिकलरलगायत उपकरणके मर्मत काज एखनो भ रहल अइछ । हमरासभ दीपावली लगले मर्मत हएतै आ लगले पुनः उत्पादन शुरू हेबाक अनुमान केने छलौँ । मुदा एखनो उपकरण मर्मतके काज पूरा नै भेलाक कारणेँ उद्योग सञ्चालन हेब लेल करिब १५ दिन आओर लागत" ।

उद्योगसँ आसिन १५ गतेसँ उत्पादन बन्द केने छल । उपकरण मर्मतके लेल भारतसँ श्रमिक आइनक अइ सम्बन्धी काजमे आओर समय लागल आ एखन तीव्र रूपमे मर्मतसम्भार भ रहलासँ जल्दीए पूरा हएत तब उत्पादन शुरू कएल जेबाक बतौलैन ।

आर्थिक अभावके कारण अइसँ पहिने दु महिना उद्योग बन्द भेल छल । वितल भादब महिनाके तेसर हप्तासँ सिमेन्ट उत्पादन शुरु केने उक्त उद्योग अइ समयमे ६५ हजार बोरा सिमेन्ट उत्पादन केने अध्यक्ष भण्डारी बतौलैन ।

वि.सं २०३३ सालमे हेटौँडाके लामसुरेमे स्थापना भेल उक्त उद्योग वि.सं २०४३ सालसँ सिमेन्ट उत्पादन शुरु केने छल ।






# नगराइन नगरपालिकामा सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विगत पाँच महिनादेखि विवादको कारण दैनिकरुपमा कामकाज बन्द हुनेगरेको धनुषाको नगराइन नगरपालिका कार्यालय आजदेखि बिना अवरोध सञ्चालनमा आएको छ । सो पालिकाको सर्वपक्षीय बैठकमा प्रमुख विनयकुमार यादव तथा उपप्रमुख राधादेवी यादवबीच भएको दुईबुँदे सहमति भएपछि कार्यालयको दैनिक कामकाज सञ्चालनमा आएको हो । नगराइन नगरपालिका प्रमुख तथा उपप्रमुखबीचको विवादका कारणले लामो समयदेखि सो नगरपालिकाको प्रशासन, लेखा, शिक्षा, कृषिलगायत विकासका अन्य काम ठप्पभएको थियो । त्यहाँ दैनिक जुलुश तथा नारावाजी हुने गरेको गियो ।

उक्त नगरपालिकामा उत्पन्न विवाद समाधान गर्न बुधबार सर्वदलीय बैठक बसैको थियो । उक्त बैठकमा दुई बुँदे सहमति भएपछि कार्यालय नियमितरुपमा सञ्चालनमा आएको उपप्रमुख यादवले जानकरी दिए ।

बैठकमा स्थानीय तह सरकार सञ्चालनसम्बन्धी ऐन २०७४ अनुसार नगरपालिका सञ्चालन गर्ने र आगामी मङ्सिर ५ गते बुधवार नगरसभा अनिवार्यरुपमा गर्नेगरी सहमति भएको थियो । बैठकमा नगरप्रमुख यादवले स्थानीय सरकार सञ्चालन ऐन, २०७६ खारेज गरी स्थानीय तह सरकार सञ्चालनसम्बन्धी ऐन २०७४ लागू गर्ने प्रतिबद्धता जनाएसँगै एमालेबाट निर्वाचित जनप्रतिनीधिले गरेको आन्दोलन समाप्त भएको उपप्रमुख यादवले बताए ।

# मोटरसाइकलसहित ५ लाखको अवैध सामान बरामद

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटस्थित प्रहरी गस्ती टोलीले ३ वटा मोटरसाईकल सहित झण्डै ५ लाख मूल्य बराबरको विभिन्न किसिमका अवैध सामान बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालय तथा मातहतको युनिटबाट छुट्टाछुट्टै गएको गस्ती टोलीले ३ थान मोटरसाईकल सहित ३ लाख २ हजार ८२० र १ लाख ७६ हजार ८३५ को रुपैयाँ बराबरको मदिरा कपडा मोबिल गरी कुल ४ लाख ७९ हजार ६५५ रुपैयाँ बराबरको सामान बरामद गरेको जिल्ला प्रहरी प्रवक्ता डीएसपी दीपक कुमार रायले बताएका छन् ।

बरामद सामानहरू मोटरसाईकल सहित आवश्यक कार्वाहीको लागि बुधबार साँझ जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

# नेशनल मेडिकल कलेजमा ५७ जनाले गरे रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
विश्व मधुमेह दिवसको अवसरमा नेशनल मेडिकल कलेज तथा शिक्षण अस्पताल वीरगंजको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ ।

अस्पताल परिसरमा बिहीबार आयोजित कार्यक्रममा ५ महिलासहित ५७ जनाले रक्तदान गरेका छन् । यस कार्यक्रममा काजल कुमारी गुप्ता, सुधा कुमारी, स्वकृति साही, मुदिता शाक्य, कामली श्रेष्ठ, निरन्जन कुमार चौधरी, डा. संजय साह, अरसद आलमलगायतले रक्तदान गरेको रक्तसंचार केन्द्र वीरगंजले जनाएको छ । कलेजका प्रबन्ध निर्देशक शाहानवाज अंसारीले रक्तदान जीवन दानको भएको हुँदा रगतको अभावमा कसैले ज्यान गुमाउनु नपरास भन्ने अभिप्रायले कार्यक्रमको आयोजना गरको बताइ । उनले १८ वर्ष पूरा गरेका व्यक्तिहरूले प्रत्येक तीन महिनामा रक्तदान गर्न सक्ने बताए । रक्तदान कार्यक्रममा अस्पतालका निर्देशक डा. इशरत जहान, कलेजका प्रिन्सिपल डा. के.एन. सिंह, आविद हुसेन अंसारी, डा. रविशंकर गुप्तालागयतको सहभागीता रहेको थियो ।


## निक्षेप तथा कर्जाको व्याज दर

मंसिर १, २०८१ देखि लागू

| खाताका प्रकारहरु | न्यूनतम मौज्दात | वार्षिक ब्याज दर |
|---|---|---|
| कर्पोरेट सेभिङ खाता | रु.१,००० /- | ३.४०% |
| कर्पोरेट प्याट्रोन | रु.१,००,०००/- | ४.६०% |
| कर्पोरेट हाईयर सेभिङ | रु.१०,०००/- | ४.२५% |
| कर्पोरेट सिनियर सेभिङ | रु.१,००० /- | ४.००% |
| कर्पोरेट नारी बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट स्टुडेन्ट स्कलर | रु.५०० /- | ४.००% |
| कर्पोरेट फास्ट ट्र्याक | रु.५०,०००/- | ४.५०% |
| कर्पोरेट बाल बचत | रु.१,००० /- | ४.००% |
| कर्पोरेट सुपर सेभिङ | रु.१,००,०००/- | ५.००% |
| कर्पोरेट गोल्डेनसेभिङ | रु.२,००,०००/- | ५.४०% |
| ३ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.००% |
| ५ वर्षे रेकरिङ खाता | रु.१,००० /- | ६.२५% |
| ५ वर्षभन्दामाथिको रेकरिङ खाता (फिक्स्ड समेत) | रु.१,००,००० /- | ६.५०% |
| कर्पोरेट फिक्स्ड रिटर्न | रु.१,००,०००/- | ७.००% |
| कर्पोरेट फिफ्टी फिक्स्ड | रु.१,००,०००/- | ६.००% |
| कर्पोरेट प्रोभिडेन्ड फन्ड | रु.१,००० /- | ६.२५% |

### फिक्स्ड डिपोजिट

| फिक्स्ड डिपोजिटका प्रकार | न्युनतम मौज्दात | वार्षिक ब्याजदर | |
|---|---|---|---|
| | | व्यक्तिगत घटीमा ३ महिना | संस्थागत घटीमा ६ महिना |
| कर्पोरेट जेनरल फिक्स्ड डिपोजिट | १०,००० | ६.२५ % | ५.२५ % |
| कर्पोरेट फिक्स्ड डिपोजिट | २५,००० | ६.५० % | ५.५० % |
| कर्पोरेट सुपर फिक्स्ड डिपोजिट ५ बर्षभन्दामाथि | १,००,००० | ६.५० % | ५.५० % |
| फिक्स्ड डिपोजिट ३-२४ महिना | १००,००० | ७.००% | ६.००% |
| प्रिमियम फिक्स्ड डिपोजिट ६-२४महिना | १०,००,००० | ७.२५% | ६.२५% |
| स्पेशल फिक्स्ड डिपोजिट १० महिना | १०,००,००० | ७.७५% | ६.७५% |

नयाँ/सकृय वर्गकोकर्जा तर्फ :
कृषि कर्जाको ब्याज दर बेस रेटमा + २.००%
प्राईम कर्जाको ब्याज दर बेस रेटमा +२.२५% देखि ४.२५%सम्म।
अन्य कर्जाको ब्याज दर बेस रेटमा + ३.००% देखि ५.००%सम्म ।
मुद्दति निक्षेपमा कर्जाको ब्याज दर कुपन/बेस रेटमा +२.००%(जुन बढी छ)।
फिक्स्ड ब्याज दर (घर/हायपर्चेज/ब्यक्तिगत वा टर्म कर्जा )
१५ वर्षसम्मको आवधिक कर्जामा बेस रेटमा + ४.५०% सम्म ।
बेस रेट ९.९१% (तीन महिनाको औसत)

Corporate Development Bank Ltd.
कर्पोरेट डेभलपमेन्ट बैंक लि.
first choice - financial friend

प्रधान कार्यालय : गीतामंदिर रोड, वीरगंज
फोन नं ०५१– ५३१०३१
शाखा कार्यालय: बसपार्क (बाईपास) वीरगंज
ड्राईपोर्ट, श्रीसिया, वीरगंज ।
टेडारोड, चोर्नी, (जीतपुर) ।


# सामा चकेवाः
# दाजुभाइ सम्झदै मिथिलानी

**गोपालप्रसाद बराल**
**महोत्तरी ।**
मधेशको प्राचीनकालदेखि सांस्कृतिक तथा लोकपरम्पराका चाडवाडको केन्द्र रहँदै आएको मिथिलाक्षेत्र अहिले सामाचकेवा पर्वको उत्कर्षमा छ । कात्तिक शुक्लपञ्चमी अर्थात् छठ पर्वको दोस्रो दिन शुरु भएर कात्तिक पूर्णिमाका दिन समापन गरिने यो पर्व अब समापनको सङ्घारमा छ । पर्व समापनको दिन नजिकिदै गर्दा मिथिलानी (मिथिलाका नारी) अहिले आफ्ना दाजुभाइ सम्झदैछन् । दाजुभाइ दिदीबहिनीबीच प्रेम र समर्पणको यो पर्व यसपालि आउने शुक्रबार पूर्णिमा तिथिका दिन समापन गरिने तयारी छ ।



मिथिलानीले दाजुभाइको सौर्य वृद्धिको कामनासहित यो पर्व मनाउने परम्परा छ । मैथिल जनजिब्रोले 'सामा' भनिने यो पर्व ११ दिनसम्म मनाइन्छ । अब समापनको दिन अर्थात कात्तिक पूर्णिमा नजिकिदै गर्दा मिथिलानी आफ्ना दाजुभाइलाई पर्वको निम्ता दिन व्यस्त छन् । पर्व शुरु गर्न दाजुभाइ नचाहिए पनि यसको समापनमा भने विधि पूरा गर्न दाजुभाइ चाहिने हुँदा मिथिलानीहरुमा दाजुभाइको खोजी र सोधपुछ सुरु भएको हो । पर्वको समापनमा दाजुभाइबाट सामाचकेवा खेलका माटाका आकृति घुँडामा राखेर फुटाउन लगाउने विधि र उनीहरुलाई मिष्टान्न परिकार ख्वाउने परम्पराले दिदीबहिनी आफ्ना दाजुभाइलाई डाक्न अहिले व्यस्त भएका हुन् ।

पूर्णिमा नजिकिँदै गर्दा दाजुभाइ को कहाँ छन् ? सबै दिदीबहिनीको चासो यसैमा केन्द्रित छ । रोजगारीका लागि घर छाडेर बाहिर गएका दाजुभाइलाई पूर्णिमा नजिकियो भन्दै दिदीबहिनी जनाउ दिन्छन् । कामका क्रममा भारतसम्म गएका त अनुकूल मिलाएर आउँछन् पनि ।

तर यसबाहेकका अन्य मुलुक गएका दाजुभाइसँग त फोनबाट पर्वको शुभकामना दिएर नै चित्त बुझाउनु पर्ने दिदीबहिनी बताउँछन् । 'भाइ कतारमा छ, दुई÷तीन पटक फोन गरिसकेँ, उ यसपालि आउन पाउन्न रे' महोत्तरीको भङ्गाहा–३ की श्यामा चौधरी भन्छिन्, 'उ आउँदा मलाई राम्रा लुगा कोसेली ल्याइदिन्छ रे ।'

श्यामाजस्तै अन्य दिदीबहिनी पनि अहिले काममा बाहिर गएका दाजुभाइलाई फोन र अन्य माध्यमले सम्पर्क गरेर पर्वको शुभकामना दिदैछन् । यो पर्व विवाहित चेलीले दाजुभाइलाई आफ्नै घरमा बोलाएर सम्पन्न गर्छन् भने अविवाहित चेली र दाजुभाइको घर एकै हुँदा सँगसाथमै यो पर्व सम्पन्न हुन्छ । 'मेरो भाइ त नजिकै भारतमै छ, फोन गर्दा आउँछु भनेको छ' श्यामाकै छिमेककी सविता मण्डल भन्छिन्, 'म उसका लागि मीठामीठा परिकार तयार गरेर राख्नेछु ।' भाइ भारतको सुरत शहरमा काम गर्न गएको भए पनि डाकेपछि उसले आउँछु भनेपछि मण्डल अहिले फुरुङ्ग छिन् ।

सामा दाजुभाइप्रति प्रेम र समर्पण दर्साउँदै उनीहरुको सौर्य बखान गरेर रातिको समयमा गीत गाउँदै मनाइने रमाइलो खेल पनि हो । सामान्य बोलीचालीमा मिथिलानी एकआपसमा 'सामा खेल्न जाउँ' भन्दै सल्लाह मिलाउँछन् । टोलबस्तीका मन मिल्ने साथी जम्मा भएर खेलिने सामा मिथिलानीहरुका लागि हाँसखेल र आपसी ठट्टा गर्न पाउने अवसर पनि हो । 'अरुबेला घरको कामकाजले फुर्सद हुँदैन, सामाका बेला जम्मा भएर खेलसँगै दुःखसुखका कुरा र हाँसख्याल गरेर हलुको हुइन्छ' बर्दिबास–१२ की गीतादेवी महतो भन्छिन्, 'यो पर्वले आफ्ना दाजुभाइको सम्झना गर्न, उनीहरुको उन्नतिको कामना गर्न, उनीहरुको बहादुरीको चर्चा गर्दै गौरवबोध गर्न र प्रेमपूर्ण सम्बन्ध विकासका लागि सुमधुर सम्बन्ध बढाउन खास अवसर दिएको छ ।'

आफ्ना वरिपरिको परिवेशमा दाजुभाइले गरेका सकारात्मक सामाजिक कामको गीतमार्फत बढाइचढाइ गर्न मिथिलानी यसबेला चुक्दैनन् । 'सामा खेलका ११ दिन यति रमाइला हुन्छन् कि यी दिन चाँडै सकिएजस्तो हुन्छ' महतो भन्छिन् । सामा दिदीबहिनीका लागि घरमा भाउजु र भाइबुहारीको टोकसो व्यक्त गर्ने अवसर पनि हुन्छ । घरपरिवारमा मनमा बिझेका कति कुरा दिदीबहिनी सामाकै गीतमार्फत् व्यक्त गर्छन् ।

*'सामा हम बनैलियै यो भैया,*
*भउजी कैलखिन स्वर,*
*भउजीके वचन सुनियौ यौ*
*भैया, हमरा परल बड्का*
*तोड !'*

(अर्थात मैले सामा बनाए दाजु तर भाउजुले यसैबीच कराउनुभयो । मलाई भाउजुले लगाउनु भएका वचन सुन्नोस् तपाइँले, त्यसले मेरो मन बिझेको छ)

घरका अमाजु/बुहारी र नन्द/भाउजुबीचका ठ्याकठुक पनि सामा गीतका भाका बनेर राति गुञ्जन्छन् । यस्ता गीतले घरघरमा अमाजु/बुहारी र नन्द/भाउजुबीचका तीतो सम्बन्ध पनि उजागर हुने गर्छ ।

*'गामके प्रधान हमर भैया,*
*पोखरी खुदाब हे,*
*चम्पा फूल रोप हे'*

(अर्थात गाउँको मुख्य मान्छे भन्ने नै मेरा दाजु हुन्, जसले गाउँमा पोखरी खनेर त्यसको डिलमा चम्पा पूml रोपेका छन्)

पोखरी खनेर जगतको आवश्यकता पूर्ति गर्ने र त्यसको डिलमा रोपिएको चम्पाको सुवासले गाउँ नै सुवासित बनाउने मेरा दाजु हुन् भन्ने भावको यो गीत सुन्दा यसअघि कुनैबेला दिदीबहिनीसँग ठ्याकठुक परेको रहेछ भने पनि दाजुभाइले पुरानो कुरा भुल्छन् । दिदीबहिनीको प्रेमले मख्ख पर्छन् ।

*'कात्तिक मासे यौ भैया सामा*
*लेलक अवतार,*
*सयौं बरख जियौ यौ भैया*
*सामा लेलक अवतार'*

(अर्थात हे दाजुभाइ हो, कात्तिक महिनामा सामा (खेलकी प्रमुख स्त्री पात्र) ले फेरि अवतार लिएकी छन् । तिमी सयौं वर्ष बाँच्छौ, सामा (बहिनीको भाव) ले फेरि अवतार लिइसकेकी छन्)

दाजुभाइको दीर्घायुको कामनासँगै मिथिलानी उनीहरुको परोपकारी पक्षको भाव पनि सामा गीतबाटै व्यक्त गर्छन् । यस्ता गीत चकमन्न रातमा निकै परसम्म गुञ्जन्छन् । यो सुन्दा घरमा आफ्ना दिदीबहिनी नहुनेहरु थकथकिन्छन् । यसबाट घरमा छोराछोरीबीच हुने विभेद कम गर्न र छोरीको चाहना राख्न बल पुग्ने भङ्गाहा–४ का सामाजिक कार्यकर्ता गङ्गाराम महतो बताउँछन् ।

*'चलु बहिना सामा खेल*
*भैयाके आँगन हे..जुग जुग*
*जियथिन भैया अपन हे...!'*

(अर्थात हिँड दिदीबहिनी हो, सामा खेल्न तयार भएकी एक महिलाले अर्की महिलालाई भन्दैछिन्)
सामा खेल्न दाजुको आँगनमा जाउँ, हाम्रो कामनाले दाजुभाइ युगयुगसम्म बाँच्नेछन्)

मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामाचकेवा पर्वले 'छोरी' नचाहिने भन्नेलाई पनि यो पर्वबीच 'छोरी' को रहर जगाउँछ । आफ्ना दाजुभाइ र दिदीबहिनी नहुनेले नजिकका नाताभित्र जोडेर यो पर्व मनाउँछन् । पर्वमा मिथिलानीले सतभैया (सप्तर्षि), चुगला (कुरा लगाउने, कुरा काट्ने महाभारतकालीन 'चूडक' नाउँको एक पात्र), सामा र चकेवाका माटाका आकृति अगाडि राखेर गीत गाउँदै प्रत्येक दिन चुगलाको दाह्ीमा आगोले झोस्दै त्यो दिनको खेल सम्पन्न गर्ने गर्छन् । पर्वको अन्तिम दिन (कात्तिक पूर्णिमा) मा दाजुभाइका हातबाट ती आकृति घुँडामा राखेर फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेर पर्व समापन गरिन्छ । यस अवसरमा दिदीबहिनीले दाजुभाइलाई मिष्ठान्न परिकार खान दिन्छन् । यसैगरी दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणावापत दिने गरेका छन् ।

दाजुभाइ–दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब साढे पाँच हजार वर्ष पहिले द्वापर युगबाट शुरु भएको मिथिला संस्कृतिका जानकार बताउँछन् । द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा) सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृतिकी भई भन्ने रीसमा दुबै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथा प्रसङ्गमा यो पर्वको परिवेश रहेको मिथिलामा विश्वास गरिन्छ । श्रीकृष्णको नारायणी सेनामा आबद्ध चूडक आफैँ सामासँग विवाहका लागि उत्सुक रहेको हुँदा उसले चक्रधरसँगको प्रेम चुडाउन श्रीकृष्णलाई कुरा लाएको कथामा वर्णित छ ।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्व योनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन पाइन्छ । दाजु साम्बको त्यही गुनलाई सम्झदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको मिथिला संस्कृति परम्पराका जानकार बताउँछन् । यो पर्वले दाजुभाइ दिदीबहिनीबीच सुमधुर र प्रेमपूर्ण सम्बन्धको अपिल गर्ने गरेको जलेश्वर–४ सुगाभवानीपट्टीका बासिन्दा कृष्णचन्द्र झाको धारणा छ ।

मिथिलामा साउन पूर्णिमाको राखी, कात्तिक शुक्ल द्वितीयाको भैयादूज र कात्तिक शुक्ल पक्षको पञ्चमीदेखि पूर्णिमासम्म खेलिने सामा दाजुभाइ र दिदीबहिनीबीच प्रेमपूर्ण सद्भाव बाड्ने पर्व हुन् । यीमध्ये राखी र भैयादूजको कथाबस्तु दैत्यराज बलि र उनका बहिनीहरु गङ्गा जमुनासम्बन्धित छन् । सामा भने श्रीकृष्ण पुत्र साम्ब र पुत्री सामाबीचको समर्पण र आदर्श दाजुबैनीको कथावस्तुमा आधारित भएको मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त तथा मिथिला लोकपरम्पराका ज्ञाता डा. रवीन्द्र दास वैष्णव बताउँछन् ।




सम्पादकीय

# मेयरलाई कामै गर्न नदिने हो त ?

*तपाईंले हेर्दाहेर्दै वीरगंज कस्तो भयो । आज वीरगंजको सामाजिक छवि त सप्रिएको छ नि ? कि त्यो पनि लाग्दैन ? यो स्ट्रिप लाइट यसै बल्थ्यो, बजार यसै सफा देखिन्थ्यो । समय आएपछि लामुखट्टे आएजस्तै विकास र राम्रा काम पनि आफैँ भइहाल्छ, त्यो कुन ठूलो कुरा हो र भनेर उफ्रने एउटा जमात सर्वत्र छ । यो जमात दायित्वको कुरा गर्दैन, अधिकारको मात्र दुरुपयोग गर्छ । जस्तो जुन भूगोलमा ऊ उभिएको छ, त्यो भूगोलमा उसले निभाउनु पर्ने कर्तव्य गौण हुन्छ । तर अरुले गरेको काममा सधैँ प्रश्न गर्छ, भन्ने गर्छ, 'यो ति तिम्रो कामै हो, के ठूलो कुरा भयो र ?' त्यही सानो कुरामा उसको सहभागिता भनेको सधैँ आलोचना, हेलोहोचो, अपमान मात्र देखिन्छ । हो, समाजका यस्तै पछुवा सोचका केही अगुवाका कारण तपाईं हाम्रो समाज अघि बढ्न नसकेको हो । माथि उठ्न नसकेको हो । हेर्दाहेर्दै हैसियत सकिएको हो ।*

*वीरगंज महानगरकै कुरा गरौँ । महानगर मात्र होइन, सिंगो देशका पालिकाहरुमा बजेट घटेर आउँदा पनि चलाउनु परेको छ । वीरगंज पनि चलाउन कठिन छ । करिब १ सय २५ करोड रुपैयाँ बजेट घटेर आउँदा पनि वीरगंज महानगरको कामकाजमा प्रश्न गर्ने ठाउँ छैन । योजना चलिरहेकै छन् । बजेट घटेर आयो भनेर महानगरले अनावश्यक कर वृद्धि गरेको छैन । भएकोबाट सबैलाई समायोजन गर्दै काम गरिरहेको छ । तर कामै गर्न नदिने गरी सधैँ प्रश्नको तगारो मात्रै हालेर तपाईंलाई अवरोध मात्रै भइरह्यो भने काम गर्न मन मर्छ कि मर्दैन ? तर जितेर गएपछि मन मरे पनि गर्नै पर्छ । यसमाथि अर्को चुनाव अब आउनै लाग्यो त ! अर्को चुनावमा हराएर धूलो चटाए भइहाल्यो ।*

*त्यसका लागि कमजोरी खोज्ने, जम्मा पार्ने र चुनावमा त्यही मुद्दा उठाएर मटियामेट पार्न तपाईंलाई कसले रोकेको छ ? कामकाज छाडेर जुन ढंगले एकोहोरो वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहविरुद्ध खेदो खन्ने उद्योग चलाइएको छ, यसले व्यक्तिगतरुपमा त केही समय सिंहले दुःख पाउलान् । तर समग्रमा वीरगंज महानगर पछि पर्छ भन्ने चेत नआएसम्म गलत समयमा प्रसंगबाहिरको प्रश्न गर्ने हूलको सिकार वीरगंज भइरहनेछ ।*

*बुधबार मात्रै झण्डै १४ हजार किशोरी र छात्रालाई वीरगंज महानगरले आत्मरक्षाको तालिम दियो । यो काम राम्रै ठानेर ती किशोरी आए होलान् । नत्र कोही कसैले आफ्नो छोरीचेलीलाई सूचना पाएको भरमा कार्यक्रममा पठाउँछ ? या आउन लागेकाहरुलाई यो गलत थियो भने बाटोमा रोक्ने हैसियत किन नबनाएको ? किन मेयरको सपना र अठोट असफल नपारेको ? अरुलाई सधैँ लखेट्ने राति चयनसँग सुत्न पनि सक्दैन । जब रातभर चयनसँग निदाउन सक्दैन, त्यस्ताहरुको अनिदोका कारण काम गर्छु भन्नेहरुले सधैँ दुःख पाउनु हुन्न । जे भनून्, यसपटक वीरगंज महानगरले गरेको राम्रो काममा नराम्रो आलोचना गर्नेहरु व्यक्तिगत दुश्मनीबाहेक बाँकी सामाजिक संस्कार नभएकाहरु नै हुन् । संस्कारको राजनीति गर्नेहरुले सधैँ प्रश्न मात्र गर्दैन, आफ्ना योजनाहरु पनि बाहिर ल्याउँछ । र, वीरगंज यो भन्दा अब्बल योजनाहरुको भोको छ, अनावश्यक प्रश्न सुनेर थकित छ ।*

# जलवायु न्यायका लागि रस्साकस्सी



धर्मेन्द्र झा

हरितगृह ग्यासको उत्सर्जनका कारण सिर्जित वातावरणीय समस्याबाट बढी प्रभावित मुलुकहरु यतिबेला यहाँ आफूहरुले जलवायु न्याय पाउनुपर्ने भन्दै आवाज बुलन्द पारिरहेका छन् । सोमबारदेखि अजरबैजानको बाकुमा जारी कोप २९ को सम्मेलनमा हिमाली एवं टापु राष्ट्रका प्रतिनिधि एउटै आवाजका साथ आफूहरुले कार्बन उत्सर्जनमा कुनै भूमिका नराखे पनि औद्योगिक एवं विकसित राष्ट्रले गरेको उत्सर्जनका कारण विभिन्न समस्याको सामना झेल्नुपरेकाले त्यसबापत उनीहरुले क्षतिपूर्ति दिनुपर्छ भन्ने साझा माग राखेका छन्।

सम्मेलनमा नेपाललगायत समान प्रकृतिका वातावरणीय समस्या झेल्दै आएका देशहरुले जलवायु परिवर्तनबाट उत्पन्न हुने बहुआयामिक असर न्यूनीकरणका लागि समष्टिगत एवं सङ्ख्यात्मक हानिनोक्सानी समेटेर जलवायुवित्त व्यवस्थापनमा जोड दिएका छन् । ती देशका राष्ट्र÷सरकार प्रमुखले भावी पुस्तालाई स्वच्छ पृथ्वी हस्तान्तरण गर्न उच्च भाग र तल्लो भागबीचमा सौहार्दता कायम हुनुपर्ने बताएका छन् । ती देशले जलवायु परिवर्तनबाट निम्तिन सक्ने सङ्कटको पूर्वानुमान गर्न नसकिने भन्दै सहकार्य र जलवायुवित्त व्यवस्थापनमा जोड दिएका हुन्। जलवायु परिवर्तन सबैको साझा चुनौती भएको र यसको सामना सामूहिक बुझाइ एवं साझा प्रयासबाट हुनुपर्ने ती देशहरुको माग रहेको छ।

अल्पविकसित राष्ट्रहरूका राष्ट्र÷सरकार प्रमुखले जलवायु परिवर्तनबाट उत्पन्न असरप्रति विकसित देशहरू गम्भीर हुनुपर्नेमा जोड दिनुभएको छ। उहाँहरूले विकसित मुलुकहरूका कारण जलवायु परिवर्तनको असरमा वृद्धि भएको बताउनुभएको हो । अल्पविकसित तथा विकासोन्मुख देशहरूलाई अनुकूलन तथा प्रदूषण न्यूनीकरणका लागि यथेष्ट आर्थिक र अन्य सहयोग जुटाउन संयुक्त राष्ट्र«सङ्घले अझ प्रयास गनुपर्नेमा जोड दिनुभएको छ । जलवायु परिवर्तनका असरले पर्वतीय क्षेत्रका पारिस्थितिकीय प्रणाली र त्यहाँका जनताको जीवनशैलीमा पारेको असरबारे ध्यानाकर्षण गराउँदै यससम्बन्धी ठोस कार्ययोजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता बोध गराइएको थियो।

जलवायु परिवर्तनको कारण उत्पन्न समस्या र जोखिम व्यहोनुपरेका मुलुकलाई सहुलियतपूर्ण स्रोत उपलब्ध गराउनुपर्ने धारणा राख्दै कोप २९ अन्तर्गत हुने बैठक, छलफल र वार्तामा यो विषयलाई जोडदार रूपमा उठाइएको छ । जलवायु परिवर्तन सबैको साझा चुनौती भएको र यसको सामाना गर्न सबैको साझा प्रयास हुनुपर्ने भए पनि जलवायु परिवर्तनबाट बढी प्रभावित मुलुकबीच सहकार्य हुनुपर्ने आवश्यकता यसपटक बढी नै महशुस गरिएको छ। सम्मेलनमा ४० देशका राष्ट्रपति वा उपराष्ट्रपति तथा ३५ देशका प्रधानमन्त्रीको सहभागिता रहेको छ।

**राष्ट्रपति पौडेलको प्रष्ट दृष्टिकोण**

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बाकु आउनुभएका राष्ट्रपति रामचन्द्र पौडेलले आफ्नो सम्बोधनको क्रममा जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेका असरका बारेमा विश्वसमुदायको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले पहाडी देशमा परेको जलवायु जोखिमको प्रभाव सामुद्रिक देशमा पर्नसक्ने र सामुद्रिक किनार माथि उठ्नसक्ने भएकाले आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रूपमा काम गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो । उहाँले विकसित देशहरुलाई जलवायु परिवर्तनको असर र प्रभाव बुझाउनुपर्ने बताउनुभयो। अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूले उनीहरूको कुनै योगदान नै नभएको विकराल समस्या बनेको जलवायु परिवर्तनबाट बच्न विकसित देशहरूबाट उल्लेख्य सहयोग पाउन नसकेको राष्ट्रपति पौडेलको भनाइ थियो।

अल्पविकसित देशहरूको विश्व समन्वय परिषद्को अध्यक्ष राष्ट्रका हैसियतमा यी देशहरूको चासो र हकहित रक्षाका लागि नेपाल प्रतिबद्ध रहेको उहाँको भनाइ थियो । उहाँले जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असरको न्यूनीकरणका लागि विकसित देशहरुबाट अनुदान उपलब्ध गराउन पनि आग्रह गर्नुभएको छ । उहाँले जलवायु वित्तका स्रोतमा पनि विभिन्न प्रक्रियागत तथा अन्य जटिलताका कारण पहुँच हुन नसकेको बताउँदै उहाँले भन्नुभयो, 'प्राप्त हुने स्रोत सरकारी संयन्त्रबाटै खर्च हुँदा बढी प्रभावकारी हुन्छ किनकी सरकार सधैँ जनताप्रति जवाफदेही हुन्छ, अन्य क्षेत्रले यस्तो जवाफदेहिता बहन गर्नुपर्दैन, यसतर्फ पनि विकसित देशहरूलाई आश्वस्त पार्न संयुक्त राष्ट्रसङ्घले भूमिका खेल्न सक्छ भन्ने लाग्छ।'

कोप–२९ का क्रममा नेपालले आयोजना गरेको 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन' शीर्षकको उच्चस्तरीय 'राउण्ड टेबल' बैठकमा पनि राष्ट्रपति पौडेलले जलवायु जोखिमको प्रभावबाट जोगिन आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रुपमा काम गर्न आह्वान गर्नुभएको छ । 'पहाडी देशमा परेको जलवायु जोखिमको प्रभाव सामुद्रिक देशमा पर्नसक्ने र सामुद्रिक किनार माथि उठ्नसक्ने भएकाले आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रुपमा काम गर्न म हार्दिक आह्वान गर्दछु', राष्ट्रपति पौडेलले भन्नुभयो।

जलवायु परिवर्तनका उस्तै प्रभावित राष्ट्रलाई एकै ठाउँमा राखेर छलफल गर्दा समस्याका बारेमा बुझ्न र समाधान गर्न पनि सहज हुने विश्वास गरिएको छ। राष्ट्रपति पौडेलले पछिल्ला दिनमा नेपालले भोगेका जलवायु समस्याको चुनौती निकै हृदयविदारक रहेको बताउँदै विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकैको हिमताल फुट्दा सम्पूर्ण थामे गाउँ बगाएको, विगत तीन महिनामा जलवायुजन्य प्रकोपमा परेर नेपालमा मात्र पाँच सयभन्दा बढी मानिसले ज्यान गुमाउन पुगेका र खर्बभन्दा बढीको हानि नोक्सानी भएको जानकारी गराउँदा नेपालको अवस्थाप्रति धेरै देशका सहभागीहरुले निकै चिन्ता र चासो देखाएका थिए।

**आफ्ना मुद्दा स्थापित गर्न नेपाल सफल**

विगतका कोप सम्मेलनहरूमा जस्तै नेपालले यसपटक पनि जलवायुजन्य सङ्कटका कारण पर्वतीय क्षेत्र असुरक्षित रहेको, हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत हुँदै गइरहेको, हिमताल विष्फोट हुनसक्ने खतरा रहेकोजस्ता जोखिम रहेको भन्दै पर्वतीय मुद्दालाई उच्च प्राथमिकताका साथ उठाएको छ। कोप–२९ मा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्यगरी छ वटा मुद्दालाई उच्च प्राथमिकता दिई नेपाली प्रतिनिधिहरू कोपमा उपस्थित भएका छन्। वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानिनोक्सानी न्यूनीकरण, कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका छ विषयगत कार्यपत्र तयार गरिएका छन्।

कोप २९ मा सहभागी हुने क्रममा राष्ट्रपति पौडेलले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसलगायत विभिन्न राष्ट्र प्रमुखसँगको औपचारिक/अनौपचारिक भेटवार्तामा पनि अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूले उनीहरूको कुनै योगदान नै नभएको विकराल समस्या बनेको जलवायु परिवर्तनबाट बच्न विकसित देशहरूबाट उल्लेख्य सहयोग पाउन नसकेको बताउनुभयो । उहाँले अल्पविकसित तथा विकासोन्मुख देशहरूलाई अनुकूलन तथा न्यूनीकरणका लागि यथेष्ट आर्थिक तथा अन्य सहयोग जुटाउन संयुक्त राष्ट्रसङ्घले अझ प्रयास गनुपर्नेमा जोड दिनुभएको छ।

यसपटकको सम्मेलनमा आफ्ना मुद्दाहरुलाई स्पष्टसँग राख्न नेपाल सफल भएको छ । राष्ट्रपतिकै नेतृत्वमा भएको सहभागिताले सम्मेलनप्रति नेपालको महत्वलाई मात्र उजागर गरेको छैन, गहन गृहकार्य र स्पष्ट धारणाले गर्दा पनि नेपालको उपस्थिति निकै महत्वपूर्ण रह्यो । नेपालले समुन्द्र र हिमालको कुरा उठाएर हिमाली र समुन्द्रतटीय राष्ट्रहरुको आवाजसँगै त्यसले अन्य देशहरुमा पनि पार्नसक्ने समस्याप्रति विश्वकै ध्यानाकर्षण गराएको छ । सम्मेलनका क्रममा भएका विभिन्न बैठकहरुमा पनि नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुको सक्रिय सभागिताबाट जलवायु परिवर्तनले निम्त्याएको चुनौती र आगामी दिनमा विश्व समुदायबाट अपेक्षा गरिएको सहयोग जलवायु न्यायका हिसाबले सान्दर्भिक र आवश्यक छ भन्ने प्रष्ट दृष्टिकोण राख्न सकेबाट आगामी दिनमा नेपालले थप सहयोगका क्षेत्रहरु पहिल्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ।

**'ब्लु जोन' र 'ग्रिन जोन' मा रस्साकस्सी**

कार्बन उत्सर्जन गर्ने विकसित राष्ट्र र तीव्र दरमा आर्थिक वृद्धि गर्ने राष्ट्रले उच्च जलवायु जोखिममा परेका राष्ट्रका लागि बढी सहयोग गर्नुपर्ने माग केही वर्षदेखि उठ्दै आएको छ। हरेक सम्मेलनमा कार्बन उत्सर्जन कम गर्न विकसित राष्ट्रहरुले गर्नुपर्ने दायित्व र जलवायु जोखिममा परेका राष्ट्रहरुले भोग्नुपरेका चुनौतीहरुको समाधानमा पु¥याउनुपर्ने सहयोगका विभिन्न ढाँचाहरुमा विभिन्न प्रस्तावमाथि गहन छलफल हुने गरेको छ। यसपटक पनि यस मुद्दा नै मुख्य बनी दुई समूहमा फरकफरक ढङ्गबाट बहस र छलफल भइरहेका छन्।

सम्मेलनमा सहभागी हुन आएका विभिन्न देशका राष्ट्र/सरकार प्रमुखलगायत उच्चस्तरीय प्रतिनिधिमण्डल स्पष्ट निर्देश गर्दै स्वदेश फर्किदैछन् भने अन्य सहभागीहरु दुईपक्षीय एवं बहुपक्षीय छलफल र बहसमा जुटिरहेका छन् । 'ब्लु जोन'का रुपमा रहेका सम्मेलनमा उच्चस्तरीय व्यक्तिहरुले आआफ्ना देशका अवस्था, भावी योजनालगायतका विषयमा सम्बोधनका क्रममा धारणा राखेका छन्। विश्वका करिब दुई सय मुलुकका राष्ट्रप्रमुखदेखि अन्य उच्च व्यक्तित्वहरूको सहभागिता रहेको थियो। यता 'ग्रिन जोन' मा रहेका विभिन्न देशका नागरिक समाज, वातावरण क्षेत्रमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधि रातदिन नभनी जलवायु परिवर्तनको समस्याको न्यूनीकरण तथा त्यसबाट प्रभावित जनताको भलाइका लागि ठोस नीगितगत व्यवस्था एवं कार्ययोजना तयार गर्ने गृहकार्यमा लागेका छन् । उनीहरुले तयार गर्ने सुझावकै आधारमा सम्मेलनको निस्कर्ष निकाल्न सहयोग पुग्नेछ । आगामी मङ्सिर ७ गतेसम्म जारी रहने यस सम्मेलनले भावी दिनका लागि स्पष्ट कार्ययोजना तयार गर्नेमा विश्व समुदाय प्रतीक्षा गरिरहेको छ। रासस

# महान्यायाधिवक्ताको कार्यालयमा वकिलको 'टप अप' !



अनुपम भट्टराई

महान्यायाधिवक्ताको कार्यालयमा महान्यायाधिवक्ताभन्दा तलका अन्य पदमा नेपाल सरकारले प्रकाशन गर्ने विज्ञापनमार्फत छनोट भएका सरकारी वकिल रहन्छन् । राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा महान्यायाधिवक्ताको नियुक्त गर्ने र प्रधानमन्त्रीले चाहेको अवधिसम्म महान्यायाधिवक्ता पदमा बहाल हुने संवैधानिक व्यवस्था छ। कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्नेबारे अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुन्छ।

नेपाल बार काउन्सिलबाट प्रमाणपत्र प्राप्त गरी कानून व्यवसाय गर्ने जो कोही व्यक्ति महान्यायाधिवक्ताको पदमा बहाल रही काम गर्न योग्य हुन्छन्। कानून व्यवसाय गर्ने क्रममा सरकारले अभियोजन गर्ने मुद्दाको विपक्षीको तर्फबाट कानून व्यवसायी भई प्रतिरक्षा गर्नु कानून व्यवसायीको कर्तव्य हो । कतिपय अवस्थामा सरकारवादी मुद्दामै, पीडितको इच्छा र कानून व्यवसायीको सहमति हुँदा पीडितको तर्फबाट पनि कानून व्यवसायीले बहस पैरवी गर्ने चलन रहेको छ।

कुनै व्यक्तिले हिजोका दिनमा कानून व्यवसायी हुँदाताक मुद्दाको एक धारमा केन्द्रित रहेर बहस गरेको हुन्छ । भोलि उही व्यक्ति महान्यायाधिवक्ता हुँदा हिजो आफूले हेरेको पक्षको हितमा हुने गरी सरकारी संयन्त्र र अभियोजन पक्षलाई प्रतिकूल प्रभाव पार्ने प्रस्ट हुन्छ । त्यसमाथि, महान्यायाधिवक्ताको पद आजीवन व्यक्तिले धारण गर्ने पद होइन। यो पदबाट हटिसकेपछि आफ्नै पेसा व्यवसायमा पूर्व महान्यायाधिवक्ताले आफ्नो पक्षको हितमा काम गर्ने कि सरकारको पक्षमा काम गर्ने भन्ने द्विविधा पनि उत्तिकै हुन्छ।

पेसा व्यवसाय गर्न हरेक व्यक्ति स्वतन्त्र रहने व्यवस्था हाम्रो संविधानले गरेको छ । तर यो पृष्ठभूमिमा एकै व्यक्ति नेपाल सरकारको तर्फबाट मुद्दा अभियोजन गर्ने र कानून व्यवसाय गरी सरकारको अभियोजन खण्डन गर्दा स्वार्थको द्वन्द्व हाबी रहने स्पष्ट छ।

रवि लामिछानेउपर सहकारी ठगी, संगठित अपराधलगायत विषयको मुद्दा कास्की जिल्ला अदालतबाट म्याद थप हुँदै गर्दा, जिल्ला सरकारी वकिल कार्यालय कास्कीले रविविरुद्ध मुद्दा अभियोजन गर्ने तयारी गरिरहँदा पहिले रवि लामिछानेको प्रमुख कानून व्यवसायी भई बहस पैरवी गर्ने कानून व्यवसायी नै आज महान्यायाधिवक्ता पदमा आसीन छन् । स्वार्थको द्वन्द्वको सन्दर्भमा यो गम्भीर विषय हो।

यो दृष्टान्तले लामिछानेउपर सरकारी संयन्त्रले कस्तो संज्ञामा मुद्दा अभियोजन गर्ला भनेर आशंका गर्न सकिन्छ । स्वार्थको द्वन्द्व यहाँ प्रस्ट देखिन्छ । स्मरणीय छ, सरकारी वकिलसम्बन्धी नियमावली, २०७७ ले महान्यायाधिवक्ताले महान्यायाधिवक्ता कार्यालयमा विभाग तोक्नेदेखि नायब महान्यायाधिवक्तालाई कुन विभाग तोक्ने भन्नेमा तजबिजी अधिकारसमेत दिएको छ । महान्यायाधिवक्ता त्यति 'बलिया' छन्।

दुई पक्षलाई सरकार र व्यक्तिको तर्फबाट प्रतिरक्षा गर्न अदालतमा उपस्थित हुने व्यक्तिहरू हुन् सरकारी वकिल र कानून व्यवसायी। कानून व्यवसायीले सरकारको मुद्दा पनि हेर्ने र आफ्नो मुद्दा पनि हेर्ने गर्ने हो भने न्याय निरूपणमा अवलम्बन हुने प्रक्रिया नै नासिनेसम्मको अवस्था सिर्जना हुन्छ । महान्यायाधिवक्ताको तजबिजी अधिकारको प्रयोगको ज्वलन्त समयसापेक्ष केही दृष्टान्तहरू यहाँ उल्लेख गर्नु उचित देखिन्छः

१.रवि लामिछानेको दोहोरो राहदानी प्रकरणमा मुद्दा नचलाउने निर्णय

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले आफ्नो पार्टी निर्वाचन आयोगमा दर्ता गराउने बेला प्रयोग गरेको नेपाली नागरिकता सर्वोच्च अदालतले बदर गरेको थियो । त्यसपश्चात्, एकै पटक नेपाली पासपोर्ट र अमेरिकी पासपोर्ट धारण गरेका लामिछानेउपर महान्यायाधिवक्ताको कार्यालयले मुद्दा नचलाउने निर्णय गऱ्यो।

कुन कानूनले मुद्दा चलाउन नपर्ने देखियो भनेर महान्यायाधिवक्ताको कार्यालयले स्पष्टीकरण पेश गर्नुपर्ने नभएकोले यो विषय यसै शिथिल भयो।

तर दुईतीन दिनअघि मात्र सुन व्यवसायीलाई दोहोरो राहदानी प्रकरणमा सीआईबीले अनुसन्धान गर्दै भन्ने समाचार आएको छ, जबकि यो र लामिछानेको दृष्टान्त एकै होइन ? यस पटकचाहिँ यी सुन व्यवसायीउपर मुद्दा नचलाउने निर्णय किन महान्यायाधिवक्ता कार्यालयले गरेन ? यसको अर्थ, महान्यायाधिवक्ता कार्यालयले अब अनुहार, पद, ओहोदा, पार्टी निकटता÷सदस्यता हेरेर मुद्दा चलाउने वा नचलाउने तजबिजी अधिकार प्राप्त गरेको हो ?

२.नक्कली भुटानी शरणार्थी प्रकरणमा उच्च अदालतमा भएको थुनछेक आदेशमा धरौटीमा छुटेका बालकृष्ण खाँणको हकमा पुनरावेदन नगर्ने निर्णय

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ ले'पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिने व्यवस्था' गरेको छ। उक्त व्यवस्थामा नै जन्मकैद वा १० वर्ष वा सोभन्दा बढी कैद सजाय हुन सक्ने कसुरमा भएको थुनछेक आदेश 'बेरित' भएको प्रश्नमा एक तहभन्दा माथिको पुनरावेदन सुन्न सक्ने अदालतमा पनि निवेदन दिन सकिनेछ भनिएको छ। उच्च अदालत पाटनले बालकृष्ण खाँणलाई धरौटी माग गरेको कुरा बेरित कसरी थिएन भन्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयले निर्णय गरेको हो ? कुन आधारमा उक्त आदेश बेरित थिएन ? यो पनि तजबिजको आधार हो या कानूनी ?

३. क्रिकेटर सन्दीप लामिछानेउपर चलेको जबरजस्ती करणीको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन दायर नगर्ने निर्णय

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ ले जबरजस्ती करणी गर्न नहुने व्यवस्था छ । सन्दीप लामिछाने जबरजस्ती करणी मुद्दामा काठमाडौँ जिल्ला अदालतबाट दोषी र उच्च अदालत पाटनबाट निर्दोष हुने गरी फैसला आयो। सरकारवादी फौजदारी मुद्दामा पीडितले निवेदन लेखेकै भरमा पुनरावेदन नगर्ने निर्णय सही हो ? जबकि यो मुद्दामा महान्यायाधिवक्ता कार्यालय सर्वोच्च अदालतमा पुनरावेदनका लागि गएन।

यी तिनै प्रकरण उदाहरणका रूपमा उठान गरिएको हो। महान्यायाधिवक्ता पद धारण गरेका व्यक्तिले सत्ताको स्वार्थपूर्ति गर्न हरसम्भव प्रयास गर्ने गरेको देखिन्छ। माथिका उदाहरणहरूले सो स्पष्ट हुन्छ। महान्यायाधिवक्ता पदको चरम दुरुपयोग हुने गरी, कानूनी शासनको अवधारणामै प्रश्न उठ्ने अभ्यास किन गरेको छ ? कानून व्यवसायी नै महान्यायाधिवक्ता पदमा नियुक्त हुने कानूनको असली मनसाय विधायकले किन नबुझेको ? कि उक्त पद केबल आफ्ना मानिसलाई रिझाउने संवैधानिक व्यवस्था हो भनेर सत्तासीनहरूले बुझेका हुन् ?

महान्यायाधिवक्ता सरकारी वकिलको हाकिम हो, तर हाकिम नै सरकारी वकिल नहुने यो ठीक व्यवस्था हो ? मुख्यसचिव नेपाल सरकारको सचिवमध्येकै व्यक्ति हुने, संघीय संसद्को महासचिव त्यहाँकै सचिवहरू वा नेपाल सरकारको सचिवसरहका पदमा रहेका व्यक्तिमध्येकै हुने व्यवस्था छ।

न्यायालयको हकमा मुख्य रजिस्ट्रार न्याय सेवामा कार्यरत कर्मचारीमध्येकै व्यक्ति हुन हुने तर सरकारी वकिल पदमा वर्षौंवर्ष काम गरेका महान्यायाधिवक्ता किन नबन्ने ? त्यस पदमा आफूले ल फर्म सञ्चालन गरी कानून व्यवसाय पेसा गर्ने वकिललाई राख्ने गरी 'टप अप' किन गरिने भन्ने प्रश्नको उत्तर कोसँग माग्ने ? पदकै मानमर्दन हुने गरी के कति कारण महान्यायाधिवक्ताजस्तो राज्यको जिम्मेवार पदमा पेसा व्यवसाय गर्दै आएको वकिल नियुक्त गर्ने ?

# राष्ट्रपति पौडेल र अजरबैजानका समकक्षीबीच भेट



**बाकु ।**
राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनका असरहरु सम्बोधन गर्न भनी व्यक्त गरिएका प्रतिबद्धताहरु पूरा गर्न सबै विकसित मुलुकहरुलाई आग्रह गरेका छन् । राष्ट्रपति पौडेलले गणतन्त्र अजरबैजानका समकक्षी ईल्हाम अलियेभसँग विहीबार भएको भेटवार्तामा यस्तो आग्रह गरेका हुन् ।

'जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताप्रति नेपालको पूर्ण प्रतिबद्धता छ, विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष अगावै सन् २०४५ सम्म नेपालले शून्य कार्बन उत्सर्जनको उपलब्धि हासिल गर्ने लक्ष्य राखेकाले हामी सबै विकसित मुलुकहरुलाई जलवायु परिवर्तनका असरहरु सम्बोधन गर्न व्यक्त गरिएका आफ्ना प्रतिबद्धताहरु पूरा गर्न आग्रह गर्दछौँ', राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उनका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिए ।

राष्ट्रपति पौडेलले नेपालले अत्यन्त न्यून कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तनको ठूलो प्रभाव बेहोरी रहेको बताए । उनले हिमालमा भएको हिउँ पग्लिरहेको, तल्लो तटीय क्षेत्रका जनसङ्ख्यालाई स्वच्छ खानेपानीको स्रोत घटीरहेको एवं जलवायु परिवर्तनबाट सृजित प्राकृतिक विपद्हरु हरेक वर्ष ठूलो जनधनको क्षति भइरहेको जानकारी दिँदै यसवर्ष पनि बेमौसमी भारी वर्षाका कारण नेपालले देशव्यापी जनधनको ठूलो क्षति व्यहोर्नुपरेको स्मरण गरे ।

'सरकारले हरेक वर्ष बजेटको ठूलो हिस्सा जलवायुबाट प्रभावित जनसङ्ख्याका लागि खर्च गर्नु परिरहेको छ', राष्ट्रपति पौडेलले भने । पर्वतीय भूबनोट तथा भूपरिवेष्ठित अवस्थितिका कारण हामीबीच भौगोलिक समानता माल नभइ पर्वतीय मुलुकले सामना गर्नुपरेका संरचनागत चुनौती र असरहरु पनि समान रहेको उल्लेख गर्दै उनले भने, 'जलवायु परिवर्तन विश्वको साझा विषय हो, पर्वतीय भू–भाग रहेको हाम्रा दुवै मुलुकले जलवायु परिवर्तनका खराब असरहरु सामना गर्नुपरिरहेको छ, नेपालले पर्वतीय मुलुकहरुले सामना गर्नुपरेका विषयलाई कोपलगायत मञ्चहरुमा उठाउँदै आएकाले यसमा अजरबैजानी सरकारको ऐक्यबद्धताका लागि आग्रह गर्न चाहन्छु ।'

सन् १९९१ मा स्वतन्त्र भएपछि अजरबैजानले हासिल गरेको बृहत् विकास र आर्थिक रुपान्तरणको राष्ट्रपति पौडेलले प्रशंसा गरे । उनले राजनीतिक परिवर्तनपछि नेपाल हाल आर्थिक विकासको बाटोमा अघि बढिरहेको र सरकारको प्राथमिकता दिगो आर्थिक विकास भएको बताए ।

'आर्थिक रुपान्तरण र विकासबिना हामीले हासिल गरेका राजनीतिक उपलब्धि संस्थागत गर्न सकिँदैन', राष्ट्रपति पौडेलले भने । उनले अजरबैजानका समकक्षी अलियेफको सक्षम नेतृत्वमा आयोजना भइरहेको कोप–२९ को पूर्ण सफलताका लागि बधाई दिँदै सम्मेलनले पारित गर्ने घोषणापत्रले नेपाल जस्ता अत्यन्त न्यून कार्बन उत्सर्जन गर्ने तर जलवायु परिवर्तनको ठूलो असर व्यहोरिरहेका मुलुकको हकहित संरक्षण गर्ने विश्वास व्यक्त गरे । उनले नेपालमा कृषि, पर्यटन र जलस्रोतका क्षेत्रमा लगानीको राम्रो सम्भावना रहेकोतर्फ ध्यानाकर्षण गराएका थिए ।

भेटवार्तामा अजरबैजानका राष्ट्रपति अलियेभले आफू अझै एक वर्ष कोपको अध्यक्ष रहने सन्दर्भमा जलवायु परिवर्तनसम्बन्धी मुद्दामा नजिक रहेर काम गर्ने बताएको सल्लाहकार पोखरेलले जानकारी दिए । राष्ट्रपति अलियेफले नेपालले प्रस्ताव गर्ने क्षेत्रमा लगानी गर्न आफ्नो देश सकारात्मक रहेको बताए ।

सन् १९९५ मा नेपाल र अजरबैजानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । दुवै देशले संयुक्त राष्ट्रसङ्घलगायत बहुपक्षीय मञ्चमा दीगो विकास तथा जलवायु परिवर्तन जस्ता साझा चासोका विषयमा सहकार्य गरिरहेका छन् ।

राष्ट्रपति पौडेलले कोप–२९ अन्तर्गत उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई मङ्गलबार सम्बोधन गरेका थिए । सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गरेको थियो ।

राष्ट्रपति पौडेल विहीबार नेपाल फर्कँदै छन् । उनी बाकुबाट कतारको दोहा हुँदै स्वदेश फर्कनेछन् ।

राष्ट्रपति पौडेललाई हैदर अलिएभ अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्यमन्त्री तेमुर मुसाएभले बिदाई गरे । अजरबैजानका राष्ट्रपति ईल्हाम अलियेभको निमन्त्रणामा सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल सोमबार बाकु पुगेका थिए । भ्रमण दलमा प्रथम महिला सबिता पौडेल, वन तथा वातारणमन्त्री ऐनबहादुर शाही ठकुरी, राष्ट्रपतिका विज्ञ÷सल्लाहकारसहित नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको सहभागिता छ ।

राष्ट्रपति पौडेलले कोप–२९ अन्तर्गत मंगलबार उच्चस्तरीय सत्रको 'विश्व नेताहरु जलवायु कार्य शिखर सम्मेलन'लाई सम्बोधन गरेका थिए । उनले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायलाई आव्हान गरे ।

'हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौं, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा माल होइन, तल्लो तटीय मुलुकहरुलाई सङ्कटमा पुऱ्याउँछ भन्ने विश्वले बिर्सन हुन्न', राष्ट्रपति पौडेलले भने ।

मंगलबार नै राष्ट्रपति पौडेल र गणतन्त्र माल्दिभ्सका समकक्षी डा मोहम्मद मुइजुसँग बाकुमा भएको भेटवार्तामा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको मारमा हामी दुवै राष्ट्र परेका छौं, तसर्थ यस विषयमा हामीले द्विपक्षीय सहकार्यलाई सुदृढ गरी जलवायु वार्तामा सहकार्य गर्ने र हाम्राजस्ता देशका लागि वित्तीय तथा प्राविधिक सहयोगका लागि संयुक्त प्रयास गर्नुपर्ने बताए ।

सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन बुधबार राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गरेको थियो । सम्मेलन (कोप–२९) अन्तर्गत नेपालले आयोजना गरेको 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानी तथा नोक्सानीको सम्बोधन' शीर्षकको उच्चस्तरीय 'राउण्ड टेबल' बैठकलाई राष्ट्रपति पौडेलले सम्बोधन गरे ।

यस्तै, बुधबार राष्ट्रपति पौडेलले किर्गिस्तानद्वारा जलवायु सम्बन्धमा बाकुमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै जलवायु परिवर्तनका कारण पीडित हुनेहरुलाई न्याय दिने हो भने उनीहरुले भोगेका जलवायु समस्या र गरिबी निवारण कार्यक्रमलाई एकीकृतरुपमा सम्बोधन गर्नुपर्ने बताएका थिए । सोही दिन कोप–२९ को सम्मेलनअन्तर्गत संयुक्त राष्ट्रसंघका महासचिव एन्टेनिओ गुटेरेसले अल्पविकसित राष्ट्रहरूका राष्ट्र÷सरकार प्रमुखहरुसँग बाकुमा गरेको सामुहिक भेटघाट कार्यक्रममा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असरको न्यूनीकरणका लागि विकसित देशहरुबाट अनुदान उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घका महासचिवलाई आग्रह गरे ।

यस सम्मेलनको नारा 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' रहेको छ । सम्मेलन आगामी मङ्सिर ७ गतेसम्म चल्नेछ । कोप–२९ मा भाग लिन राष्ट्रपति पौडेल यही कात्तिक २५ गते काठमाडौंबाट दोहाका लागि प्रस्थान गरेका थिए । रासस

# राजनीति सेवा गर्ने स्थल होः उपप्रधानमन्त्री सिंह



**पाटन ।**
उपप्रधानमन्त्री तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले राजनीति भनेकै सेवा गर्ने उत्कृष्ट स्थल भएको बताएका छन् ।

नेपाल प्रजातन्त्र सेनानी सङ्घ ललितपुरको तेस्रो जिल्ला सम्मेलन एवं सम्मान कार्यक्रममा उनले संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था र संविधान जारी गर्न नेपाली कांग्रेसको योगदान अग्रस्थानमा रहेको बताए ।

'आस्था र सिद्धान्तको राजनीति गर्नेले ज्यादै कठिन परिस्थितिको सामना गर्नुपर्ने रहेछ, राजनीतिक आस्थाले चाक्सीबारी छोडेर डेरामा बसेर गुजारा टार्नु पर्यो, गणेशमान र मङ्गलादेवीले त धेरै दुःख भोग्नु पर्यो भने दुरदराजका जनताले कति दुःख भोगे । परेको थियो होला ! यो हामीले बुझ्नुपर्छ, राजनीति सेवा गर्ने प्रभावकारी माध्यम हो, तर अहिले फाइदा लिने प्रवृत्ति बढेको छ, राजनीति भनेको त सिद्धान्त, आदर्श हो नि !' उनले भने ।

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य ओमकारप्रसाद श्रेष्ठले पुराना र पाका राजनीतिक मानिसको योगदानले हामीले धेरै परिवर्तन पाएको बताए ।

'लामो समयदेखि हामी राजनीतिमा छौँ, हामीले ६१ वर्ष राजनीतिमा भोगेको दुःख अहिलेको पुस्ताले बुझ्दैन, हामीले अतुलनीय कष्टकर दुःख भोग्नुपर्यो, २०२९ सालदेखि ललितपुरमा मैले सङ्गठन बनाउन लागेको हुँ,' उनले भने ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य मदनबहादुर अमात्य, राष्ट्रियसभा सदस्य जीतजङ्ग बस्नेत, गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जनलगायत विशिष्ट व्यक्तित्वको उपस्थिति रहेको थियो । रासस

# सुदरपश्चिमका दलहरु उपनिर्वाचन लड्ने प्रत्यासी छान्दै

**सुदूरपश्चिम ।**
सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहमा रिक्त पदमा हुनलागेको उपनिर्वाचनमा प्रत्यासीको टुंगो लगाउन दलहरु लागेका छन् ।

नेपाली कांग्रेस जिल्ला कार्यसमितिले रिक्त रहेको जिल्ला समन्वय समिति कैलालीको संयोजकमा टीका चौधरी भुललाई सिफारिस गरी प्रदेश समितिमा पठाएको छ । उनी कैलारी गाउँपालिकाको वडा सदस्यमा निर्वाचित हुन् ।



नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लगायत दलहरुले जिसस संयोजकमा आफ्ना प्रत्यासी उठाउने/नउठाउनेबारेमा बुधबारसम्म टुङ्गोमा पुग्न सकेका छैनन् ।

कांग्रेस प्रदेश कार्यसमितिका प्रवक्ता सुरत रावतले बाजुराको स्वामीकात्तिकखापर गाउँपालिकाको उपाध्यक्षमा कुन्तिसरा शाहीलाई प्रत्यासी बनाउने निर्णय भइसकेको जानकारी दिए । उनले भने,'यसअघि पार्टीले केशवराज पन्तलाई जिससको संयोजकमा प्रत्यासी बनाउने निर्णय गरेकामा निर्वाचन आयोगको परिपत्रबमोजिम महिलालाई प्रत्यासी बनाउनुपर्ने भएपछि चौधरीको नाम सिफारिस भएको हो । यसबारे अन्तिम निर्णय भने हुन बाँकी छ ।'

कांग्रेसबाट निर्वाचित स्वामीकात्तिकखापरका उपाध्यक्ष मैना जोशी र कैलाली जिल्ला समन्वय समितिका संयोजक पदमबहादुर कलेलको निधन भएपछि पद रिक्त भएको थियो ।

कांग्रेसले रिक्त भीमदत्त नगरपालिका–६ मा प्रकाशबहादुर चन्द, डोटी पूर्वीचौकी गाउँपालिका–६ मा मोहन थापा, दार्चुलाको दुहु गाउँपालिका–५ मा धनबहादुर कुँवरलाई वडध्यक्षको प्रत्यासी बनाउने निर्णय गरेको छ । बझाङको सुर्मा गाउँपालिका–४ को वडाध्यक्ष पदमा भने निर्णय हुन बाँकी रहेको रावतले बताए ।

एमालेका प्रदेश कमिटी सचिव रणबहादुर चन्दले स्वामीकात्तिकखापर गाउँपालिकाको उपाध्यक्षमा सुलोचनाकुमारी भण्डारी बुढा, भीमदत्तनगर–६ मा बहादुर चन्द, पूर्वीचौकी–६ मा देवबहादुर थापा र दुहु–५ मा मानबहादुर बडालालाई पार्टीले प्रत्यासी बनाएको जानकारी दिए । उनले भने,'जिल्ला समन्वय समितिको संयोजक र सुर्मा गाउँपालिका–४ को वडाध्यक्ष पदको हकमा छलफल भइरहेकाले निर्णय हुन बाँकी छ ।'

माओवादी केन्द्रका प्रदेश कमिटी सचिव जनक बुढाले पार्टीले स्वामीकात्तिकखापरको उपाध्यक्षमा राजकुमारी विक रचना, सुर्मा–४ मा पुष्करबहादुर बोहरा, पूर्वीचौकी–६ मा देवीलाल थापा, दुहु–५ मा वीरसिंह कार्की र भीमदत्तनगर–६ को वडाध्यक्षमा नानाराम कोलीलाई प्रत्यासी बनाउने निर्णय गरिएको जानकारी दिए । उनका अनुसार जिल्ला समन्वय समितिको संयोजक पदमा कसलाई उठाउने वन नउठाउने छलफल भइरहेको छ ।

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले स्वामीकात्तिकखापरमा सुनादेवी थापाभोटेधामीलाई उठाउने निर्णय गरेको पार्टीका छत्र शाहीले बताए । रिक्त वडाध्यक्ष पदका प्रत्यासीका बारेमा छलफल भइरहेको उनले उल्लेख गरे ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ बमोजिम विभिन्न कारणले रिक्त रहेका पदहरुको पदावधि एक वर्षभन्दा बढी बाँकी रहेको अवस्थामा निर्वाचन आयोगको परामर्शमा संघीय सरकारले मिति तोकेर उपनिर्वाचनद्वारा रिक्तस्थानमा पदपूर्ति गर्नुपर्ने व्यवस्था छ । रासस

# नेतृ गौचनको निधनप्रति कांग्रेसद्वारा दुःख व्यक्त



**काठमाडौं ।**
नेपाली कांग्रेसले नेपाली कांग्रेसकी नेतृ एवम् गण्डकी प्रदेशसभा सदस्य विमला गौचनको निधनप्रति दुःख व्यक्त गरेको छ ।

कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेलले विहीबार शोक विज्ञप्ती जारी गरी गण्डकी प्रदेशसभाका सदस्य एवम् नेपाली कांग्रेस गण्डकी प्रदेश कार्यसमितिका सदस्य ६३ वर्षीया विमला गौचनको निधनप्रति गहिरो दुःख व्यक्त गरेका हुन् ।

पार्टीको भ्रातृ संस्था नेपाल महिला सङ्घ म्याग्दीकी पूर्वअध्यक्षसमेत रहेकी गौचनको डेँगीको उपचारका क्रममा काठमाडौंको धापासीस्थित ग्राण्डी अन्तर्राष्ट्रिय अस्पतालमा मंगलबार राती निधन भएको थियो । उनी राजनीतिसँगै सफल पर्यटन व्यवसायीसमेत थिइन् । गौचनले नेपाली कांग्रेसको संगठन निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेकी थिइन् ।

गौचनको निधनबाट नेपाली कांग्रेसले एक अनुभवी महिला नेतृत्वलाई गुमाएको कांग्रेसले जनाएको छ ।

प्रदेशसभा सदस्य गौचनको निधनप्रति कांग्रेस सभापति एवम् पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाले गहिरो दुःख व्यक्त गरेका छन् । सभापति देउवाले शोक सन्तप्त परिवारजनप्रति पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गरेका हुन् । रासस

# शैक्षिक नतिजा सुधार्न ध्यान दिनूस्ः मन्त्री भट्टराई



**भक्तपुर ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले कक्षा १० र १२ को शैक्षिक नतिजालाई सुधार गर्न सम्बन्धित निकायलाई आग्रह गरेकी छिन् ।

विहीबार शिक्षा परिषद्को सचिवालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीमा परिषद् बैठकको अध्यक्षता गर्दै उनले शैक्षिक उपलब्धिमा सुधार गर्न सरोकारवाला सबैलाई निर्देशन दिएकी हुन् ।

उनले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेका श्रव्यदृश्य सामग्रीलाई विद्यार्थीको सहज पहुँचमा पुर्याउनसमेत निर्देशन दिइन् ।

मन्त्री भट्टराईले प्राप्त स्रोत साधनबाट छिटो छरितो सेवा प्रदान भइरहेको वैदेशिक अध्ययन अनुमतिपत्र र छात्रवृत्तिसम्बन्धी कामप्रति सन्तुष्टि व्यक्त गर्दै जनसेवामा समर्पित भएर काम हुन कर्मचारीलाई आग्रहसमेत गरिन् ।

एकीकृत पाठ्यक्रम परिमार्जनको कार्ययोजना एक हप्ताभित्र पेस गर्न र पाठ्यसामग्रीलाई भाषिक एवं चित्राङ्कनका दृष्टिले त्रुटिरहित बनाउन सुझाव समेत उनले दिइन् ।

बैठकपछि उनले केन्द्रका तालिम, शैक्षिक सामग्री विकास र पुस्तकालय सम्बद्ध शाखालगायत सानो ठिमीस्थित बिभिन्न शैक्षिक संस्थाको आकस्मिक निरीक्षणसमेत गरिन् ।

निरीक्षणका क्रममा मन्त्री भट्टराईले चिकित्सा शिक्षा आयोग, मान्यता तथा समकक्षता, छात्रवृत्ति र वैदेशिक सम्बन्धमा सञ्चालित विद्यालय सम्बद्ध काम गर्ने शाखाको निरीक्षण गरी कार्यप्रवाह, समस्या र चुनौतीबारे जानकारी समेत लिएकी थिइन् ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रसँग अन्तरक्रिया एवं अनुगमनमा मन्त्री भट्टराईले भनिन्,' अनुसन्धानलाई वास्तविक बनाई अनुसन्धानका उपलब्धिलाई कार्यान्वयन गर्नका निम्ति योजनासहित अन्तर निकाय समन्वय गर्नुपर्छ, पुस्तकालयमा सबै उमेर समूहका पाठकका लागि उपयोगी पुस्तक थप गरी पुराना महत्वपूर्ण पुस्तकको संरक्षणसहित आधुनिक ढङ्गले पुस्तकालय व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।' रासस

# ‘अर्थतन्त्रलाई चलायमान बनाउन सरकार प्रयासरत छ’

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंहले अर्थतन्त्रलाई सबल र चलायमान बनाउन सरकार प्रयासरत रहेको बताएका छन् ।

नेपाल विद्युत् व्यवसायी महासंघले आयोजना गरेको ‘फिन इलेक्ट्रो टेक–२०२४’ उद्घाटन गर्दै उपप्रधानमन्त्री सिंहले उत्पादनमूलक क्षेत्रमा लागानी बढाउन उद्योगी व्यवसायीलाई आग्रह गरे । उनले प्रसारण लाइन तथा ऊर्जाका अन्य क्षेत्रमा नेपालमा बनेका सामग्रीको प्रयोगलाई जोड दिनुपर्ने उल्लेख गरे ।

उत्पादनमूलक क्षेत्रलाई थप परिस्कृत र विकास गर्नुपर्नेमा जोड दिँदै उपप्रधानमन्त्री सिंहले अर्थतन्त्रलाई चलायमान बनाउन नेपाल उद्योग वाणिज्य महासंघलगायत निजी क्षेत्रले उठाएका विषयलाई कार्यान्वयन गराउन सरकार प्रयासरत रहेका बताए ।

उद्योगी व्यवसायीले प्रदर्शनी कक्षको माग गरेको सन्दर्भ जोड्दै उनलेसहरी विकास मन्त्रालयले यसका लागि आवश्यक तयारी गरेर प्रक्रिया अगाडि बढाउने उल्लेख गरे ।

उपप्रधानमन्त्री सिंहले कूल गार्हस्थ वृद्धि



गर्न उत्पादनका क्षेत्र बढाउनुपर्नेमा जोड दिए । ‘नेपालको कूल गार्हस्थ उत्पादनलाई अभिवृद्धि गर्न उत्पादनको क्षेत्र बढाउनु आवश्यक छ । अहिले ‘क्लिन इनर्जी’ को आवश्यकता बढ्दै गएकाले स्वदेशमा पुग्ने विद्युत् उत्पादन गरेर निर्यात गर्नसक्ने अवस्था बनाउनेतर्फ सबै एकजुट भएर सहकार्य गर्नु जरुरी छ । नेपालमा बनेका सामग्री प्रयोग गर्न सके अर्थतन्त्रमा सकारात्मक परिणाम दिनेछ’, उनले भने ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले अर्थतन्त्रको सुधारका लागि आफूहरूले समयमा ध्यानाकर्षण गराएको स्मरण गरे ।

आयात नियन्त्रण गर्दा राजस्व कम उठ्ने, अवैध कारोबार विस्तार हुने भन्दै निजी क्षेत्रले विगतमा सरकारको ध्यानाकर्षण गराएको उल्लेख गर्दै उनले निजी क्षेत्रले उठाएका विषयमा सरकार गम्भीर हुनुपर्नेमा जोड दिए ।

विहीबारदेखि सुरु भएको फिन इलेक्ट्रो टेक–२०२४ आगामी मङ्सिर २ गतेसम्म सञ्चालन हुनेछ । विद्युत् तथा विद्युतीय सामग्रीको व्यवसाय विकास एवं यस क्षेत्रसँग आबद्ध आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारको सहजीकरण एवं प्रवर्द्धनका लागि नेपाल विद्युतीय व्यवसायी महासङ्घको आयोजनामा सो कार्यक्रमको आयोजना गरिएको हो ।

प्रदर्शनीमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, सञ्चार एवं सूचना प्रविधि तथा विद्युतीय एवं वैकल्पिक ऊर्जा उद्यमीहरूलाई एकै स्थानमा जमघट गराई व्यावसायिक प्रवर्द्धन गर्न लागिएको छ ।

मेलामा ४४ वटा ब्लक, २८ स्टल र एक ‘प्याभिलिएन’ छ । स्टलमा नेपाली उत्पादनलगायत बहुराष्ट्रिय कम्पनीको उत्पादन, ट्रान्समिसन तथा डिष्ट्रिव्युसन सामग्री, ऊर्जा आपूर्ति तथा नियन्त्रण यन्त्र, हाउस वायरिङ सामग्री, वायर, केबुल एवं कन्डक्टर, अत्याधुनिक स्वीच, एलिडी लाइटिङ, इलेक्ट्रोनिक्स उपकरण, घरेलु विद्युतीय उपकरण, कार्यालय प्रविधि, बहुसञ्चार उपकरण, सूचना प्रविधि, वैकल्पिक ऊर्जा तथा अन्य विद्युतीय सामग्री राखिएका छन् ।

इलेक्ट्रो टेक प्रत्येक दुई वर्षमा आयोजना हुँदै आएको छ । यो ११ औं संस्करण भएको आयोजक समितिका अध्यक्ष रेमशप्रसाद देवकोटाले जानकारी दिए । रासस

# ‘आइटी उद्योगमार्फत रोजगार सिर्जना गर्न सकिन्छ’




**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आगामी तीन वर्षभित्र तीन लाख युवालाई ‘आइटी’ उद्योगमार्फत रोजगारी सिर्जना गर्न सकिने बताएका छन् ।

विहीबार काठमाडौँमा लिभिङ विथ आइसिटिले आयोजना गरेको ‘स्टार्टअप एन्ड आइडिया फेस्ट २०२४’ उद्घाटन गर्दै मन्त्री गुरुङले आइटी उद्योग विकासमा सरकारसँगै निजी क्षेत्रकोसमेत उत्तिकै सहयोगको अपेक्षा गरे ।

उनले पहिलो वर्ष नीति परिमार्जन गर्दै दोस्रो वर्ष बजेट व्यवस्थापन गरी आइटी क्षेत्रमा आवश्यक काम थालनी गर्ने बताए । यसका लागि सरकारले ‘एआई’ नीति ल्याउने, आइटी पूर्वाधार तयार पार्ने, बजेट विनियोजन गर्ने लगायतका योजना रहेको उनले जानकारी गराए ।

आफ्नै कार्यकालमा काठमाडौँमा आइटी पार्क र ज्ञान पार्क (नलेज पार्क) निर्माण गर्नेसमेत प्रतिबद्धता जनाए । मुलुकलाई डिजिटल बनाउने उद्देश्यको सुरुवात स्थानीय निकायका सरकारी काम प्रविधिमैत्री बनाइ सुरु गरिने उनले बताए । ‘स्थानीय तहबाट डिजिटल नेपाल सुरु गर्छौं, विस्तारै व्यापक बनाउदै लैजान्छौँ’, उनले भने, ‘डिजिटल नेपाल बनाउने भनाइ र गराइ एकातिर भइरहेको छ । यसलाई सुधारेर नीतिगत व्यवस्था, पूर्वाधार निर्माण र योजनावद्ध शैलीमा सूचनाप्रविधिको विकास थालनी गर्दै छौँ ।’

आइटी काउन्सिलका अध्यक्ष अजितकुमार साहले सरकारले हाल सूचनाप्रविधिको क्षेत्रमा गर्दै आएको कामलाई निरन्तरता दिन सकेमा सफलता हासिल गर्न सकिने बताए ।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का सचिव रवीन्द्र ढकालले युवालाई स्वदेशमा टिकाउन प्रोत्साहन आवश्यक भएको बताउदै यसका लागि औद्योगिक प्रतिष्ठानको सहकार्य जरुरी रहेको बताए ।

चेम्बर अफ कर्मसका सदस्य पङ्कज जलनले नीतिगत सुधार गरेर सरकारले युवालाई स्वदेशमै टिकाउने रणनीति ल्याउन आवश्यक रहेको बताए । ‘डिजिटल पेमेन्ट’मासमेत भ्याट लाग्दा प्रविधि प्रयोगकर्ता हतोत्साही भएको उल्लेख गर्दै उनले भ्याट हटाउन सरकार समक्ष अनुरोध गरे । पूर्वमन्त्री गणेश साहले नेपालमा आइटी हबको सम्भावना प्रशस्त भएको बताउँदै बेरोजगारी समस्या कम गर्न सकिने चर्चा गरे ।

लिभिङ विथ आइसिटीका अध्यक्ष राजन लम्सालले सरकारको डिजिटल फ्रेमवर्क उद्देश्य पूरा गर्न डिजिटल पूर्वाधार निर्माण, नीतिगत सुधारसँगै असल शासन आचरण पालना गर्न सुझाव दिए ।

शुक्रबारसम्म सञ्चालन हुने स्टार्टअप एन्ड आइडिया फेस्टमा विभिन्न आइटीसम्बन्धी नवीन कार्य प्रदर्शनीमा राखिएका छन् । रासस

# जलवायु वित्तः कोप २९ मा कसलाई के तिर्न भनिएको छ ?

**बाकु ।**
‘तपाईंहरू हामीप्रति ऋणी हुनुहुन्छ !’, अजरबैजानमा कोप २९ शिखर सम्मेलनमा प्रदर्शन ब्यानरमा दिइएको शीर्षक हो यो । सम्मेलनमा जलवायु परिवर्तनका लागि जिम्मेवार सबैभन्दा धनी राष्ट्रहरूले गरिब राष्ट्रहरूलाई कति तिर्नुपर्छ भन्नेबारे छलफल तीव्र गतिमा छ ।

विकासोन्मुख देशहरूका लागि सन् २०३० सम्ममा आवश्यक पर्ने वार्षिक १० खर्ब डलर उपलब्ध गराउन सम्झौता गर्नु कोप २९ को शीर्ष प्राथमिकता हो, तर त्यहाँ पुग्नुअघि धेरै बाधा छन् ।

देशहरू गहिरो रूपमा विभाजित छन्ः कसले के तिर्नुपर्छ र कति भन्ने कुरा नोभेम्बर २२ सम्ममा सम्झौतामा पुग्ने बाटोमा उभिएका धेरै अवरोधहरू मध्ये दुई मात्र हुन् ।

यहाँ विकासोन्मुख देशहरूलाई के चाहिन्छ र कसले उनीहरूलाई खर्च तिर्न मद्दत गरिरहेको छ भन्नेबारे हेरौँ ।

**कति आवश्यक छ ?**

सन् २०३० सम्ममा चीनबाहेक विकासोन्मुख देशहरूलाई जलवायु वित्तपोषणमा वार्षिक २४ खर्ब डलरको आवश्यकता पर्ने संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनले जनाएको छ ।

बिहीबार प्रकाशित एक रिपोर्टमा विज्ञहरूले विकासोन्मुख अर्थतन्त्रहरूलाई जीवाश्म इन्धनबाट स्वच्छ ऊर्जामा रूपान्तरण गर्न यो पैसाको दुई तिहाइ आवश्यक रहेको बताएका छन् ।

बाँकीलाई जलवायु परिवर्तनसँग सामना गर्न अनुकूलन उपायहरू, प्रकोप हुँदा पुनःप्राप्ति कोष र प्रकृतिको संरक्षणमा विभाजन गर्नुपर्नेछ ।

यो २४ खर्ब डलरमध्ये अनुमानित १४ खर्ब डलर विकासशील देशहरूबाट आउन आवश्यक छ । तर बाँकी १० खर्ब डलरका लागि बाह्य सहायता आवश्यक पर्नेछ ।

यो विदेशी सरकारहरूबाट प्राप्त अनुदान वा शून्य ब्याजदरका ऋणहरू, निजी लगानी प्रवाह वा वैश्विक करबाट उठेको रकमबाट पूरा गर्न सकिन्छ ।

**सरकारहरूले के भुक्तानी गर्नुपर्छ ?**

संयुक्त राज्य अमेरिका र युरोपेली संघजस्ता धनी दाताहरूले पर्याप्त काम नगरेको महसुस गर्ने कोप २९ मा धेरैका लागि सरकारहरूबाट प्रत्यक्ष रूपमा कति आउँछ भन्ने मूल प्रश्न हो ।

विशेषज्ञ जलवायु वित्त प्रतिवेदनका सहलेखक अमर भट्टाचार्यले यो आँकडा करिब तीन खर्बदेखि चार खर्ब डलरको दायरामा हुने बताए ।

यो हालको प्रतिबद्धताभन्दा कम्तीमा तीन गुणा बढी हो । साथै देशमा आर्थिक र राजनीतिक सङ्कटको सामना गरिरहेका दाताहरूका लागि यो अप्ठ्यारो लक्ष्य हो । डोनाल्ड ट्रम्प विश्वव्यापी जलवायु सहयोगबाट पछि हट्ने सम्भावना पनि छ । लागत पनि बढ्दै गइरहेको छ ।

विकासोन्मुख देशहरू वैश्विक तापक्रमको वृद्धिका लागि कम जिम्मेवार भए पनि जलवायु आघातहरूको जोखिममा छन् र यो पृथ्वी तातिँदै जाँदा तीव्र हुँदै गइरहेको छ ।

सन् २०३५ सम्ममा विदेशी दाताहरूले विकासोन्मुख देशहरूको आवश्यकताहरू पूरा गर्नका लागि वार्षिक एक अर्ब ३० करोड डलर खर्च गर्नुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

**कति रकम उठेको छ ?**

धनी राष्ट्रहरूले सन् २०२२ मा जलवायु वित्तमा एक खर्ब १६ अर्ब डलर उठाएको ओइसिडीको पछिल्लो उपलब्ध तथ्यांकले देखाएको छ । तर प्रयुक्त रकमले वास्तवमा गरिब देशहरूलाई जलवायु परिवर्तनका लागि अनुकूल बनाउन मद्दत गर्दछ ?

**राष्ट्रिय ऋणमा थपिने ऋणहरूबारे के हुन्छ ?**

विकासोन्मुख देश र अभियान समूहहरूले उठाएको पैसाको अझ बढी छानविन गर्न आह्वान गरेका छन् र प्रत्येक राष्ट्रले कति दिन्छ भनेर मापन गर्ने प्रयास गरिएको छ ।

बृटिश थिङ्कट्याङ्क ओडिआईद्वारा गरिएको एक अध्ययनले सन् २०२२ मा कार्बन फुटप्रिन्ट, जनसङ्ख्या आकार र सकल राष्ट्रिय आय आधारमा प्रगतिको समीक्षा गरेको छ ।

यस आधारमा नर्वे शीर्ष स्थानमा रहेको छ भने त्यसपछि फ्रान्स छ । विश्वकै बृहत्तम ऐतिहासिक उत्सर्जक संयुक्त राज्य अमेरिका २३ देशमध्ये दोस्रो अन्तिम स्थानमा रहेको छ । रासस

# मङ्सिर १२ भित्र बक्यौता बुझाउनूः प्राधिकरण

**काठमाडौँ ।**
नेपाल विद्युत् प्राधिकरणले डेडिकेटेड र ट्रङ्कलाइनबाट विद्युत् आपूर्ति लिएका उपभोक्तालाई आगामी मङ्सिर १२ गतेभित्र बक्यौता रकम बुझाउन आग्रह गरेको छ ।

प्राधिकरणले विहीबार एक सूचना जारी गर्दै बक्यौता रकम बुझाउन बाँकी रहेका उद्योगलाई तोकेको समयभित्र बक्यौता रकम बुझाउन आग्रह गरेको हो । मन्त्रिपरिषद् बैठक र सञ्चालक समिति बैठकको निर्णयअनुसार नै १५ दिनभित्र बक्यौता तिरिसक्न प्राधिकरणले उपभोक्तालाई आग्रह गरेको हो ।

‘वितरण केन्द्रहरूबाट सम्बन्धित उद्योगको २०७२ माघदेखि २०७५ वैशाखसम्म टिओडी मिटरमा रेकर्ड भएको डिमान्ड तथा टी–वान, टि–टु र टि–थ्री टाइम इन्टरभलमा रेकर्ड भएको खपत इनर्जीको आधारमा गणना गरिएको छुट बिल प्राप्त गर्नुभएको, अतः उक्त बिल अनुसारको बक्यौता महसुल १५ दिन अर्थात २०८१ मङ्सिर १२ गतेभित्र सम्बन्धित वितरण केन्द्रमा बुझाउनुहुन अनुरोध गरिन्छ,’ प्राधिकरणद्वारा जारी सूचनामा भनिएको छ ।

तोकिएको समयमा बक्यौता महसुल भुक्तानी नभएमा नियमानुसार कारबाही गरिने प्राधिकरणले जनाएको छ । रासस

# महिला क्रिकेट खेलाडीलाई प्रोत्साहस्वरुप नगद पुरस्कार

**काठमाडौँ ।**
नेपाल क्रिकेट संघ (क्यान) ले पहिलो पटक यु–१९ विश्वकपमा प्रवेश गरेको नेपाली महिला क्रिकेट टोलीका खेलाडीलाई प्रोत्साहनस्वरुप जनही दुई लाख ५० हजार रुपैयाँ पुरस्कार दिने घोषणा गरेको छ ।

टिममा समावेश अफिसियलहरूलाई भने जनही एक लाख ५० हजार रुपैयाँ पुरस्कारबाट सम्मान गरिने क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिए । संयुक्त अरब इमिरेट्स (युएई)को अजमानमा बुधबार सम्पन्न खेलमा घरेलु टोली युएईमाथि आठ विकेटको जीत निकाल्दै नेपालले पहिलो पटक यु–१९ विश्वकपमा ऐतिहासिक उपलब्धि हासिल गरेको थियो ।

नेपालले ६ खेलबाट १० अंक जोड्दै विश्वकपमा स्थान बनाएको हो । यस्तै, युएईले पनि समान खेलबाट समान १० अंक जोडे पनि नेपाल नेट रनरेटमा अगाडि रहँदै विश्वकपमा स्थान बनाउन सफल भएको हो । यु–१९ विश्वकप क्रिकेट सन् २०२५ मा मलेसियामा आयोजना हुँदैछ ।

विश्वकपका साथै नेपाल यु–१९ एसिया कपका लागि पनि छनोट भएको छ । एसिसीको आयोजनामा आगामी डिसेम्बरमा हुने यु–१९ महिला एसिया कपका लागि पनि नेपाल छनोट भएको हो । यु–१९ एसिया कप क्रिकेटमा नेपालसँगै पाकिस्तान, भारत श्रीलङ्का, बङ्गलादेश र मलेसिया सहभागी हुनेछन् । रासस

# नेप्सेमा १० अर्ब ३२ करोडको कारोबार



**काठमाडौँ ।**
धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक विहीबार उकालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ९५ अङ्कले उकालो लागेर दुई हजार सात सय ४८ दशमलव ७८ मा पुगेको हो ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ३३ अङ्कले उकालो लागेर चार सय ८६ दशमलव शुन्य तीनमा पुगेको हो । कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्य ओरालो लाग्दा सात उपसमूहको शेयर मूल्य भने उकालो लागेको हो ।

कूल दुई करोड १६ लाख ६० हजार छ सय ३९ कित्ता शेयर १० अर्ब ३२ करोड तीन लाख ३१ हजार चार सय ३६ रुपैयाँमा कारोबार भयो ।

नेप्सेका अनुसार, गुराँस लघुवित्त, स्वाभिमान लघुवित्त, अप्पर हेवाखोला हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । न्यादी ग्रुप पावर नौ दशमलव ७९ र माछापुच्छ्रे बैंकको लगानीकर्ताले नौ दशमलव ५६ प्रतिशतले कमाएका छन् ।

यस्तै, रावा इनर्जी नौ दशमलव १२, कुर्थली कुखरी स्मल हाइड्रोपावर सात दशमलव ३२, पिपल्स हाइड्रोपावर छ दशमलव शुन्य आठ, सुपर माई हाइड्रोपावर चार दशमलव ९२ र समृद्धि फाइनान्स कम्पनीका लगानीकर्ताले चार दशमलव ३६ प्रतिशतले गुमाएका छन् । रासस




**बिक्रीका ध्यूकुमारी साबुन:** सुनसरीको इनरुवा नगरपालिका–२ स्थित बिहीबारे हटियामा बिक्रीका लागि राखिएको ध्युकुमारी साबुन । ध्यूकुमारी साबुन ५० रुपियाँदेखि १२० रुपियाँसम्म बिक्री हुने व्यापारी बताउँछन् । तस्बिरः नवीन गड्तौला/रासस



**छुर्पी:** पाँचथरको याङवरक गाउँपालिका वडा नं १ च्याङथापूको मगरडाँडाका राजेन्द्र खालिङ राईको दुग्ध डेरीमा सुकाइएको छुर्पी । उक्त छुर्पी भरियालाई बोकाएर सीमावर्ती भारतीय बजारमा बिक्री गरिन्छ । यहाँ छुर्पी प्रतिमाला १८० रुपैयाँमा बिक्री गरिन्छ । तस्बिरः रवीन्द्र काफ्ले/रासस

# महिलाका लागि आम्दानीको आधार बन्दै घोँगी व्यापार

**सुनसरी ।**
घोँगीको व्यापार यहाँका धेरैजसो महिलाका लागि आम्दानीको आधार बनेको छ । यही व्यापारबाट आर्जेको पैसाले आफ्ना र परिवारका आवश्यकता पूरा गर्न निकै सघाउ पुगेको यसमा सङ्लग्न महिलाहरूले बताउने गरेका छन् । रामधुनी नगरपालिका–१ झुम्का हाटबजारमा घोँगीको व्यापार गर्दै आउनुभएकी वडा नं ५ की जमुना मुखियाले यसबाट राम्रो आम्दानी भइरहेको सुनाइन् ।



उनले सुनसरीको झुम्का, कालाबन्जरलगायतका हतियामा घोँगी बेच्नका लागि जाने गरेको बताइन् । मुखियाले मोरङ्को निमुवाबाट आफैँले पोखरीबाट घोँगी खोजेर बिक्री गर्दै आएको सुनाइन् । उनले भनिन्, 'मेहेनतअनुसार राम्रै आम्दानी हुने गरेको छ, अरु व्यवसायको तुलनामा निक्कै सहज पनि हुने भएकाले यसैमा लागिरहेकी छु । यो हाम्रो पुख्र्यौली व्यापार जस्तै हो', उनले भनिन्, 'विगत लामो समयदेखि विभिन्न ठाउँका हटियाबजारमा गएर व्यापार गर्दै आएकी छु । झुम्कामा लाग्ने हटियाबजार भने व्यापार गर्ने मुख्य थलो हो ।' झुम्काको हटियाबाहेक कालाबन्जर बराह क्षेत्रलगायत ठाउँमा पनि हटियाबजार लागेको समयमा घोँगीको व्यापार गर्न जाने गरेको उनले बताइन् । अचेल घोँगी भने जताततै पाइँदैन । मोरङको निमुवा पोखरीसम्म पुगेर खोजेर ल्याउनुपर्छ । 'अचेल घोँगी पाइँदैन, त्यसैले निमुवा पुग्नुपर्छ तर खोज्न दुःख भए पनि व्यापारबाट मासिक ५० हजार रुपैयाँसम्म मज्जाले आम्दानी हुँदै आएको छ । आफूले पोखरीमा पालेर बिक्री गर्ने हो भने राम्रो आम्दानी हुन्थ्यो होला', उनको भनाइ थियो ।

प्रत्येक हप्ता लाग्ने हाटबजारमा घोँगी किन्न बराहक्षेत्र, इटहरी, धरान, इनरुवालगायका ठाउँबाट ग्राहक आउने गरेका छन् । मागअनुसार घोँगी पु¥याउनै नसकिएको मुखियाले बताइन् । उनले प्रतिकिलो घोँगी एक सय रुपैयाँमा बिक्री गर्दै आएको र एउटा हटियाबजारबाट दिनमा ९० देखि एक सय किलोसम्म बिक्री गर्दै आएको बताइन् ।

उनी मात्रै होइन सोही नगरको वडा नं १ की रत्नीदेवि माला विगत १२ वर्षदेखि घोँगीको व्यापार गर्दै आएकी छन् । उनले हाल सुनसरीको भन्टाबारी पोखरीमा आफैँले घोँगी पालेकी छन् । यही पोखरीबाट उत्पादन भएको घोँगी इटहरी, झुम्का, कालाबन्जरलगायत ठाउँमा दैनिकजसो ६० देखि ७० केजीसम्म बिक्री गर्दै आएको मालाले बताइन् । 'घोँगीमा भिटामिनको मात्रा प्रशस्त पाइने हुनाले रुघा र चिसो लागेको बेला मान्छेले अत्याधिक खरिद गर्ने गरेका छन् । अब चिसोयाम आयो, हाम्रो व्यापार पनि राम्रै फस्टाउँछ', उनले भनिन् ।

रामधुनी नगरपालिका–१ कै रेम्नी मुखियाले पनि विगत सात वर्षदेखि घुँगीको व्यापार गर्दै आएको बताइन् । उनले पनि भनिन्, 'विगत सात वर्षदेखि यसै व्यापारमा लागिरहेकी छु । राम्रो आम्दानी हुन्छ । खोलाबाट खोजेर ल्याउन मात्र समस्या हो, बजारको त समस्ष छैन । पछिल्लो समय मोरङ्को निमुवामा आफ्नै पोखरीमा घोँगी पालेकी छु । दैनिक ७० देखि ८० किलोसम्म बिक्री गरेर आम्दानी गरिरहेकी छु ।'गर्मीयामभन्दा जाडोमा घोँगीको व्यापार राम्रो हुने गरेको छ । पुसको दोश्रो सातादेखि माघ–फागुनको अन्तिमसम्म व्यापार हुँदा यहाँ लाग्ने हरेक हाटबजारमा किन्ने र बेच्नेहरूको घुइँचो लाग्ने गर्छ । यहाँको झुम्का हाटबजारमा मात्रै सातदेखि दश जना महिला लहरै बसेर व्यापार गर्दै गरेको देखिन्छन् । रासस

# सन्तोषलाई पुख्र्यौली पेसा नै प्यारो

**बागलुङ ।**
मध्यपहाडी पुष्पलाल लोकमार्गको घुम्तीमा सन्तोष विश्वकर्माको सानो आरन व्यवसाय छ । बागलुङ नगरपालिका—४ उपल्लाचौरमा आरन व्यवसाय गर्दै आएका ४१ वर्षीय सन्तोष पूर्खाको आरन व्यवसाय धान्न पाएकामा प्रसन्न छन् । १६ वर्षको कलिलो उमेरमा रोजगारीका लागि भारत गएका सन्तोष त्यहाँबाट फर्केर पुर्खाको पेसामा लागेको र यसमै सन्तुष्ट रहेको बताउँछन् । 'भारतमा लामो समय काम गर्दासमेत भनेजस्तो कमाउन सकिएन । हाल नेपालमै काम गरिरहेको छु । आफ्ना पुर्खाको आरन पेसा अगाल्दा पैसाभन्दा बढी सन्तुष्टि मिलिरहेको छ', उनी भन्छन् ।



बागलुङ नगरपालिका–९ तित्याङ घर भएका विश्वकर्माले आरन चलाएर राम्रो आम्दानी गर्दै आएको बताए । उनले भारतमा १० वर्ष सिल्टेको भाडा बनाउन सिकेको कामले स्वदेशमा कमाइ गरेको बताए । 'भारतमा १० वर्ष सिल्टेको भाडा बनाउने कम्पनीमा काम गरेँ । १६ घण्टा काम गर्नुपर्दा निकै दुःख थियो । कमाइ खासै थिएन तर काम भने सिकियो, भारतमै केही वर्ष सिल्टेबाट बनेका भाडा बिक्रीको काम पनि गरेँ, व्यवसायमा घाटा भएपछि नेपाल फर्कें',उनले भने, 'पुर्खाको पेसा र भारतको सिकाइले मलाई आत्मबल मिल्यो । बालीघरे प्रथाले पहिला गाउँमा खासै आम्दानी थिएन, बागलुङ बजार झरेपछि भने श्रमको मूल्य पाएको छु ।'

आफ्नै देशमा काम गर्न पाएकोमा सन्तोष खुसी छन् । साथीभाई अहिले रोजगारीका लागि विभिन्न देश पुगे पनि भारतबाट फर्केपछि आफूलाई भने विदेश जान मन नलागेको उनको भनाइ छ । 'आरन व्यवसायबाट एकदमै खुसी छु, यहाँ सबैसँग खुलेर कुराकानी गर्न पाइन्छ, अन्यत्र भाषाको समस्या हुन्छ, आफू ठूलो देशमा नगए पनि आफूले उत्पादन गरेका फलाम, तामा र सिल्टेका भाडा जापान, अमेरिका लगायतका देशमा पुगेका छन्', विश्वकर्माले भने, 'अहिले सजावटका लागि तामाको भाडाको निकै माग छ, तामाको भाडामा पानी खाने प्रचलन फेरि फर्केको छ, उपहार र आफन्तका लागि विदेशमा समेत सामग्री खरिद गरेर पठाउने प्रचलनले व्यापार फष्ठाएको छ ।'

सन्तोषले उत्पादन गरेका हसिया, बाउसो, खुकुरीलगायत सामग्रीका लागि बजारको अभाव नभएको बताए । फलाम, तामा र सिल्टेका विभिन्न सामग्री उत्पादन गर्न सके बजारको समस्या नरहेको उनको अनुभव छ । आफूले उत्पादन गरेका अधिकांश भाडा तथा हात हतियार आरनबाटै बिक्री हुने गरेको र डाडु, पन्यु, दाब, खुकुरी, बन्चरो, हँसिया बढी मात्रमा बिक्री हुने गरेको विश्वकर्माले जानकारी दिए ।

आफ्नो उत्पादनबारे स्थानीय सरकारलाई भने खासै चासो नभएको विश्वकर्माको गुनासो छ । उनले परम्परागत पेसालाई संरक्षण गर्न र यसतर्फ युवाहरूलाई आकर्षित गर्न सरकारको सहयोग आवश्यक रहेको बताए । पछिल्लो समय काम गर्ने मान्छे नपाइदा समस्या भएको र पुस्तान्तरणको अभावमा पेसा लोप हुने अवस्थामा पुगेकामा विश्वकर्माले चिन्ता व्यक्त गरे । 'अहिले काम गर्ने मान्छे पाइँदैनन्, पछिल्लो पुस्तालाई विदेशकै मोह छ, विदेश नै जाने, धन कमाउने भन्छन् । पुख्र्यौली पेसा संरक्षणमा स्थानीय सरकारले ध्यान दिने, पेसालाई आधुनिकरण गर्ने र प्रोत्साहन गर्ने हो भने यतै राम्रो गर्न सकिन्छ', उनले भने । रासस

# मुस्ताङको स्याउः बढ्दो माग, पुर्‍याउन धौधौ



**गण्डकी ।**
मुस्ताङको स्याउको मुख्य बजार पोखरा हो । पोखरामा यहाँको स्याउको माग बढ्दो क्रममा छ । मुस्ताङमा उत्पादित कूल स्याउको करिब ९० प्रतिशत पोखरामा नै खपथ हुने गरेको छ ।

पछिल्लो समयमा मुस्ताङमा बढ्दो पर्यटकको आगमनले त्यहाँबाट कोसेलीका रुपमा स्याउ बिक्रीसमेत हुने भएकाले यसको बजारका लागि भने कुनै समस्या नरहेको विगत लामो समययता स्याउको व्यावसायिक खेती गरिरहेका 'टुकुचे स्याउ नर्सरी'का सञ्चालक राजन शेर्पाले बताए । पोखराका साथै यहाँको स्याउ काठमाडौँसहित देशका अन्य बजारमा पनि खपत हुने गरेको छ । 'उत्पादन गर्न सके स्याउ बिक्री गर्न बजारको समस्या छैन', शेर्पाले भने, 'यहाँ उत्पादन भएको स्याउ थोक मूल्यमा ठेकेदारले नै खरिद गरेर लैजाने गरेका छन् ।'

विगतमा परम्परागतरुपमा स्याउखेती गरिँदै आएकामा पछिल्लो समय नवीनतम प्रविधिमा आधारित हाइडेन्सिटी स्याउ बगैँचा कार्यक्रमका कारण उत्पादन बढेको किसान बताउँछन् । 'नर्सरीमा नेदरल्याण्ड्सबाट ल्याएको हाइडेन्सिटी प्रजातिको स्याउका बिरुवा उत्पादन गरेका छौँ', शेर्पाले भने, 'उत्पादित बिरुवा उपल्लो डोल्पा, रुकुम, रोल्पालगायतका स्थानसम्म पुगेको छ ।' बर्सेनि १८ हजारसम्म स्याउका बिरुवा बिक्रीवितरण गरिरहेको उनले जानकारी दिए ।

मुस्ताङको मुख्य फलफूलखेतीका रूपमा रहेको स्याउको व्यावसायिक खेती २०२२ पछि मात्र शुरु भएको पाइन्छ । विसं २०२२ मा तत्कालीन कृषि मन्त्रालय, फल उद्यान विभागले भारतीय राजदूतावासको सहयोगमा भारतको काश्मीरबाट स्याउका बिरुवा ल्याएर मुस्ताङमा वितरण गरेको थियो । स्थानीयवासीका अनुसार तत्कालीन समयमा प्रत्येक घरमा स्याउका तीन/तीन बिरुवा वितरण गरिएको थियो । त्यसयता स्याउको व्यावसायिक खेतीले बर्सेनि गति लिएको छ । स्थानीयवासीले स्याउको व्यापारसँगै यसबाट रक्सीसमेत बनाउन थालेका छन् ।

मुस्ताङमा पछिल्ला वर्षमा स्याउ खेतीतर्फ किसानको आकर्षण बढिरहेको कृषि ज्ञान केन्द्र मुस्ताङका प्रमुख राजेश गुरुङले जानकारी दिए । उनका अनुसार मुस्ताङमा कूल आठ सय ९० हेक्टर क्षेत्रफलमा स्याउको खेती भइरहेकामा ६ सय १६ हेक्टरमा स्याउको उत्पादन भइरहेको छ । जिल्लामा गत वर्ष ९१ करोड ८६ लाख रुपैयाँको स्याउ बिक्री भएकामा त्यसको ९० प्रतिशत जिल्ला बाहिर बिक्री भएको थियो ।

जिल्लामा रेड डेलिसियस, रोयल डेलिसियस, गोल्डेन डेलिसयस, रिचा रेड डेलिसियस, फुजी जस्ता स्थानीय जातका स्याउका साथै उन्नत जातका माला मेमा, रेड डेलिसियस किङरोट, फुजी के कु फुब्रिक्स, गोल्डेन मेमा डेलिसियस स्याउको खेती गरिएको छ । पछिल्ला वर्षमा स्याउको उत्पादन ३० देखि ३५ प्रतिशतले वृद्धि भएको प्रमुख राजेश गुरुङले जानकारी दिए ।

'पछिल्लो समय किसान उच्च घनत्व प्रविधिमा स्याउ लगाउन आकर्षित बनेका छन्', उनले भने । कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन इकाई, शीतोष्ण बागबानी विकास केन्द्रमार्फत तथा स्थानीय तहको समन्वयमा यसमा लाग्ने रोगकिरा व्यवस्थापनलाई प्राथमिकता दिएपछि स्याउको उत्पादन बढ्दै गएको प्रमुख गुरुङको भनाइ छ ।

केही वर्षयता तापक्रम बढ्दा पनि मुस्ताङका उपल्ला भूभागमा स्याउ खेती बढ्दै गएको स्थानीयवासी बताउँछन् । मुस्ताङका टुकुचे, मार्फा, जोमसोम, ठिनी, खिङ्गा, छुसाङ, कागबेनीलगायतका स्थानमा स्याउको व्यावसायिक खेती भइरहेको छ । विशेषतः मुस्ताङमा स्थानीय प्रजातिभन्दा पर्याप्त उत्पादन हुने प्रजातिका स्याउ लगाउन थालिएको ठिनीका निरज थकालीले बताए ।

स्याउको उत्पादन बढेपछि उवा, फापरलगायत रैथाने बाली लगाउन छाडिएको छ । 'स्याउको उत्पादन बढ्दै जान थालेपछि रैथाने बाली लगाउने ठाउँमा किसानले स्याउ लागाउन थालेका छन्', थकालीले भने, 'हिमाली क्षेत्रमा खेतीयोग्य जमिन कम हुने भएकाले थोरै जमिनमा कुन खेती गर्दा अधिकतम फाइदा हुन्छ त्यसतर्फ किसान लाग्ने गरेका छन् ।'

बगैँचाबाट स्याउ प्रतिकिलो एक सय ५० रुपैयाँमा बिक्री भइरहेको थकालीले जानकारी दिए । 'बजारमा यहाँको स्याउको माग बढ्दो छ । तर मागअनुसार उत्पादन हुनसकेको छैन', उनले भने, 'यस वर्ष उत्पादन सकिएको छ, तर माग उत्तिकै छ ।'

स्थानीय जातको स्याउले लगाएको सात र आठ वर्षमा मात्र फल दिने गर्दछ भने हाइडेन्सिटी प्रविधिबाट लगाइएको बिरुवाले दुई तीन वर्षपछि नै फल दिने गरेका कारण यसतर्फ किसानको आकर्षण बढेको हो । सामान्यतः स्याउ चैत र वैशाखमा फुल्ने, जेठमा फल लाग्ने गर्दछ भने भदौको दोस्रो सातापछि पाक्ने र बजारमा जाने क्रम शुरु हुन्छ । रासस

